# लेखापरीक्षण प्रतिवेदन

# खैरहनी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२



## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# खैरहनी नगरपालिका, चितवन

आर्थिक वर्ष २०८१/८२

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| **स्वतन्त्रता** | *(Independence)* |
| **निष्ठा** | *(Integrity)* |
| **पारदर्शिता** | *(Transparency)* |
| **जवाफदेहिता** | *(Accountability)* |
| **व्यावसायिकता** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश**
**काठमाडौं**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/240

मिति : २०८३-१-३०

श्रीमान् नगरप्रमुखज्यू,
खैरहनी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,चितवन।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( घनश्याम काफ्ले )
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/240

श्रीमान् नगरप्रमुखज्यू,
खैरहनी नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय,चितवन।

विषयः लेखापरीक्षण प्रतिवेदन।

**१. कैफियत सहितको रायः**

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक,पालिकाबाटपेस भएको २०८२ आषाढ मसान्तसम्मको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

**२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५(१) बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिम लेखा र वित्तीय विवरण तयार गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था रहेको छ। साथै, सोही ऐनको दफा ३६(१) बमोजिम कार्यालयको सरकारी नगदी, जिन्सी, आय-व्यय तथा कारोबारसम्बन्धी लेखा, स्रेस्ता र कागजात लेखापरीक्षणको सिलसिलामा माग भएमा तोकिएको अवधिभित्र पेस गर्नु सम्बन्धित पदाधिकारी वा जिम्मेवार व्यक्तिको कर्तव्य हुने व्यवस्था छ। यस कार्यालयको विनियोजनतर्फ रु. ३ करोड ७ लाख ५४ हजार बराबरको स्रेस्ता तथा सोसँग सम्बन्धित कागजात २०८२ भदौ २३ र २४ गते भएको आन्दोलन तथा घटनाका कारण लेखापरीक्षणका लागि पेस नभएकोले सोको लेखापरीक्षण गरिएको छैन ।

२.३. नगरपालिकाको आय र व्ययतर्फ रु. २ अर्ब ६४ करोड ६२ लाख ४२ हजारको लेखापरीक्षण गरिएको छ । नगरपालिकाको लेखापरीक्षणबाट रु. १ करोड ३९ लाख ७४ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. १० हजार सम्परीक्षण भई असुल गर्नुपर्ने रु. १ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २९ लाख ३४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड १५ हजार र पेश्की बाँकी रु. ९ लाख १५ हजार गरी जम्मा रु. १ करोड ३९ लाख ६४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. १२ करोड ८५ लाख ३ हजार मध्ये रु. ४३ लाख ३९ हजार फर्स्यौट भई यस वर्षको थप रु. १ करोड ३९ लाख ६४ हजार समेत हालसम्म अद्यावधिक बेरुजू रु. १३ करोड ८१ लाख २८ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोराः**

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

**४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः**

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ८० | ४७ | १,३९,७४,३१७ | ० | १ | १०,१७० | ० | ८० | ४६ | १,३९,६४,१४७ | ९९,८८५ | १,००,१५,३४३ | २९,३३,८०५ | ० | ० | १,२९,४९,१४८ | ९,१५,११४ |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष सम्परीक्षण | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| चितवन | १२,८५,०३,३२१ | 0 | 43,39,121 | 12,41,64,200 | ० | १,३९,६४,१४७ | १३,८१,२८,३४७ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ४५ | बढी भुक्तानी | १०,१७० |
| २ | २०८०/८१ | ३३ | ट्याक कोट | ४,६५,०५० |
| ३ | २०७८/७९ | ३७.३ | सडक कालोपत्रे निर्माण | ११,११,००० |
| ४ | २०७८/७९ | २८.१ | बिउ खरिद | १,९३,८६० |
| ५ | २०७८/७९ | ३९ | दर रेट फरक | २५,५४२ |
| ६ | २०७८/७९ | २२ | कवाडी करमा मू.अ.कर छुट | ९१,१०१ |
| ७ | २०७८/७९ | १७ | करार कर्मचारीलाई सञ्चय कोष | १२,१३,८३६ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७६/७७ | ३१, ३८, ५४.१, ५४.२, ५४.३ र ५६ | विभिन्न शिर्षक | १०,०६,७९८ |
| ९ | २०७५/७६ | ३९.१ र ३९.२ | विभिन्न शिर्षक | ६६,३७१ |
| १० | २०७४/७५ | ४४, ५३ र ७४.३ | विभिन्न शिर्षक | ३४,२१६ |
| ११ | २०७३/७४ | १९, २९.१४, २०.१५ र २९.६ | विभिन्न शिर्षक | २७,६२७ |
| १२ | २०७२/७३ | ७ | विभिन्न शिर्षक | ३४,५०० |
| १३ | २०६९/७० | १.३ | विभिन्न शिर्षक | ६९,२२० |
| जम्मा | | | | ४३,४९,२९१ |

# खैरहनी नगरपालिका, चितवन

# ( ८०३३१४०२३०० )

# खैरहनी नगरपालिका , चितवन

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता उत्तरदायित्व पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा १३ वडा रहेको छ भने क्षेत्रफल ८५.५७ वर्ग किलोमिटर तथा ६७३८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०८।२८ देखि २०८२।०९।०२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका बेहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आयव्ययतर्फ रु. २ अर्व ६४ करोड ६२ लाख ४२ हजार २९१।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा रु. २ लाख २० हजार ८९८। असुल भई राजस्वा खातामा दाखिला भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण

२.१ **एकीकृत आर्थिक विवरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

**खैरहनी नगरपालिका, चितवन**
**आर्थिक वर्ष २०८१।८२**
**एकीकृत आर्थिक विवरण**

| आय | | | व्यय | | |
|---|---|---|---|---|---|
| **विवरण** | **रकम** | **रकम** | **विवरण** | **रकम** | **रकम** |
| १. सुरु मौज्दात | | १७०३७२७९८.६७ | १. **चालु खर्च** | ४३७३४६२५३ | ४३७३४६२५३ |
| क) संचित कोष | १०७८९१५२७ | | क) पालिका तर्फ | १८३३४१२४१ | |
| ख) धरौटी | २६२९४७४६ | | ख) संघीय सशर्त | २२५१२७६७० | |
| ग) कार्य संचालन कोष | ३४५९४८८५ | | घ) प्रदेश सशर्त | २८८७७३४२ | |
| घ) आकस्मिक कोष खाता | १७१७६ | | २. पुंजीगत खर्च | | ५२९,५९६,३४९.९३ |
| ङ) प्रकोप व्यवस्थापन कोष | १५७४४६५ | | क) पालिका तर्फ | ४२१८६८२१९ | |
| २. **आन्तरिक आय र जनसहभागिता** | | १८३६०७१०४ | ख). संघीय सशर्त | १६८२९२९६ | |
| क. आन्तरिक आय | ८६४३७६१७ | | ग) संघीय विशेष | २४९२२४२८ | |
| ख. जनसहभागिता | ९८००९४७ | | घ) संघीय समपूरक | १५००००० | |
| ग. स्थानीय सरकार राजश्व बाँडफाँट | ८७३६८५४० | | ङ) प्रदेश सशर्त | २०६३८४९४ | |
| ३. **वित्तीय हस्तान्तरण (संघ)** | | ५८११२२५९९.७० | च) प्रदेश विशेष | ४०८७९१३ | |
| क) सामानिकरण अनुदान | १४८१००६४० | | छ) प्रदेश समपूरक | २६२५०००० | |
| ख) राजस्व वाडफाट | ११४२२७०३२ | | ३. **अन्तर सरकारी अख्तियारी (संघ)** | | २८८,६८५,९१९.२५ |
| ग) सशर्त अनुदान | २७८८७२५०० | | क. सामाजिक सुरक्षा तथा संरक्षण -३१४०१०१२३ | २६५४८०४२८ | |
| घ ) समपूरक अनुदान | १५००००० | | ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -३७०००११४३ | ४७१९८८४ | |
| ङ) विशेष अनुदान | २४९२२४२८ | | ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -३७०००११४४ | २४०८००० | |
| ४. **वित्तीय हस्तान्त्रण (प्रदेश)** | | १७०२६१६८३.१२ | घ. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम -३७०००११६४ | १६०३०४०७ | |
| क) सामानिकरण अनुदान | १६७२५००० | | ङ. रोजगार प्रवर्द्धन कार्यक्रम -३७१००१०१३ | ४७२०० | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) राजस्व वाडफाट | ६१७६६६८३ | | ४. अन्य वित्तीय व्यवस्थाबाट भएको खर्च | | ४५,८४०,४८३.८५ |
| ग) सशर्त अनुदान | ५९०२०००० | | क) धरौटी फिर्ता तथा सदर स्याहा | १०९७७३११ | |
| घ) समपूरक अनुदान | २६२५०००० | | ख) कार्य सञ्चालन कोष (विविध कोष खाता) | १७२५५६१० | |
| ङ) विशेष अनुदान | ६५००००० | | ग) कार्य सञ्चालन कोष (विविध खर्च खाता) | १६१०८३५० | |
| ५. अन्तर सरकारी अख्तियारी (संघ) | | २८८६८५९१९.२५ | घ) कार्य सञ्चालन कोष (आकस्मिक कोष खाता) | १४९९२१३ | |
| क. सामाजिक सुरक्षा तथा संरक्षण -३१४०१०१२३ | २६५४८०४२८ | | ५. अनुदान फिर्ता | ४८८३१७८४ | ४८,८३१,७८४.४४ |
| ख. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -३७०००११४३ | ४७१९८८४ | | क) संघीय सरकार सशर्त अनुदान | ३६९१५५३४ | |
| ग. स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम -३७०००११४४ | २४०८००० | | ख) प्रदेश सरकार सशर्त अनुदान | ९५०४१६४ | |
| घ. एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम -३७०००११६४ | १६०३०४०७ | | ग) प्रदेश सरकार विशेष अनुदान | २४१२०८७ | |
| ङ) रोजगार प्रवर्द्धन कार्यक्रम -३७१००१०१३ | ४७२०० | | ६.**अन्तिम मौज्दात** | ११६०१३५०९ | ११६०१३५०९ |
| ६. अन्य वित्तीय व्यवस्था | | ७२,२६४,१९६ | क) संचित कोष खाता | २७१०८५२६ | |
| क. विविध खर्च खाता | १६५०६९८७ | | ख) धरौटी खाता | ३८१०९८३२ | |
| ख. कार्य संचालन कोष खाता | ३१४६४८११ | | ग) कार्य सञ्चालन कोष खाता | ४८८०४०८६ | |
| ग. स्थानीय तह आकस्मिक कोष खाता | १५००००० | | घ) विविध खर्च खाता | ३९८६३७ | |
| घ. धरौटी खाता | २२७९२३९८ | | ङ) आकस्मिक कोष खाता | १७९६३ | |
| | | | च) प्रकोप व्यवस्थापन कोष | १५७४४६५ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | खाता | | |
| जम्मा **आय** | | १४६६३१४३०० | **जम्मा व्यय** | | १४६६३१४३०० |

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.२ **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कारोबारको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सूत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. २६,५४,८०,४२८.४१, स्वास्थ्य क्षेत्र सुधारको रु. ७१,२७,८८४.००, स्वास्थ्य पूर्वाधारको रु. १,६०,३०,४०६.८४ र रोजगार प्रवर्द्धन कार्यक्रमको रु. ४७,२००.०० समेत गरी जम्मा रु. २८,८६,८५,९१९.२५ सुत्रमा लेखाङ्कन गरेको छैन । साथै म.ले.प.फाराम २७० को एकीकृत आर्थिक विवरणले धरौटी र कोषहरूको आय र व्यय देखाएको छैन ।

२.३ **फरक जिम्मेवारी-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको आर्थिक विवरण अनुसार रु. १५,६४,१३,६००।६७ मौज्दात रहेकोमा यो वर्ष रु. १७,०२,५९,३३६।६७ जिम्मेवारी सारेको छ । जस अनुसार पालिकाको आर्थिक विवरणमा उल्लेख भएको भन्दा रु. १,३७,४५,७३६।०० बढी जिम्मेवारी सारेकोमा अग्रिम कर कट्टी दाखिला गर्न बाँकी रहेकोले उक्त रकम दाखिला गरी प्रमाण पेस भएको छ ।

२.४ **स्थानीय तह कोष** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानुन बमोजिम आकस्मिक कोष स्थापना गरी संचालन गर्न सक्ने व्यवस्था छ । पालिकाले आकस्मिक कोष संचालन निर्माण गरेको देखिएन साथै पालिकाले १३ वडाको नाममा अलग अलग मर्मत सम्भार कोष, वातावरण तथा विपद व्यवस्थापन कोष र स्थानीय विकास कोष नाम राखी १३ वटा वडाका ३९ वटा कोषको नाममा आर्थिक वर्ष २०८०।८१ मा पुँजीगत शिर्षकबाट रू. ३,०५,७५,९४३।३० विनियोजन गरी पटक पटक निर्णयको आधारमा रू. १,५०,७४,३७२।०० खर्च गरी रू. १,५५,०१,५७१।३० बाकी रहेको देखिन्छ भने आर्थिक वर्ष २०८१।८२ मा रू. ३,१९,३२,०३३।३० विनियोजन गरी पटक पटक निर्णयको आधारमा रू. १,३७,८५,५४४।८१ खर्च गरी रु. १,८१,४६,४८८।४९ बाँकी रहेको देखिन्छ । नगरपालिकाले कार्यविधि निर्माण नगरी पुँजीगत शिर्षकबाट विभिन्न कोषको नाममा स्थानीय कोषमा रकम जम्मा गर्ने र पटक पटक निर्णयको आधारमा खर्च गर्ने गरेको नियमसंगत देखिएन । पालिकाले दुई आर्थिक वर्षमा विभिन्न कोषको नाममा नगरपालिकाबाट रू. ६,२५,०७,९७६।६० जम्मा गरी रू. २,८८,५९,९१६।८१ खर्च गरी रू.३,३६,४८,०५९।७९ कार्य संचालन कोषमा बाँकी रहेको देखिन्छ । नगरपालिकाले विभिन्न कोषको नाममा बाँकी रहेको रकम पालिका संचित कोषमा जम्मा गर्नुको साथै आकस्मिक कोष संचालन कार्यविधि निर्माण गरी कोष सञ्चालन गर्नुपर्दछ ।

## ३ जलेर नष्ट भएका गोश्वारा भौचरहरु

३.१ पालिकामा २०८२।०५।२३ र २४ गते भएको आगलागीमा परी निम्नानुसारको गोश्वारा भौचर र त्यस सँग सम्बन्धित प्रमाण नष्ट भएको विवरण पेश भएकोले उक्त रकम रू. ३,०७,५४,९७६। को लेखापरीक्षण हुन सकेको छैन । विस्तृत विवरण यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **नष्ट भएका ठेक्का फाईल** - कार्यालयले पेश गरेको ठेक्का विवरण अनुसार भिडान गर्दा मिति २०८२।०५।२३ र २४ गते आगलागीमा परेका कारण आर्थिक वर्ष २०८०।८१ भन्दा अगाडिका निम्न भुक्तानीका ठेक्का फाइल विगतको भुक्तानी, विमा अभिलेख, कार्यसम्पादन जमानत, र सम्पन्न गर्नुपर्ने अवधि भिडान गर्न सकिएन । कार्यालयले विगत आर्थिक वर्षमा भएका सम्झौताको रकम भुक्तानी गर्दा निर्माण व्यावसायीसँग भएका सम्झौता वा कार्य आदेश माग गरी सम्झौता अनुसार कार्य सम्पन्न गराउनुपर्दछ ।

| भौचर नं र मिति | योजनाको नाम | भुक्तानी पाउनेको नाम | रकम रू | ठेक्का नं |
|---|---|---|---|---|
| ५४।२०८१।६।१६ | वडा न १० स्वास्थ्यचौकी निर्मार्ण | केर्टर कन्स्टक्शन प्रा. लि. | ८८०८८२ | ८।८०।८१ |
| ५५।२०८१।६।१६ | विश्वनाथटोल सडक कालो पत्रे सडक | सम्मान कालोपत्रे प्रा. लि. | १०३४२७० | १८।८०।८१ |
| ५६।२०८१।६।१६ | पर्सा चोक शान्ति बजार कालोपत्रे | न्यू भुटन देवि ममता जे. भी. | ५०४६१४५ | ३।०८०।८१ |
| ६०।९९।२०८१।६।२० | खैरहनी चोक देखि वडा १२ सडक ढल सहित बाटव निर्माण कार्य | सम्झना इन्जिनियरिङ्ग विल्ड्स प्रा. लि. | ६४९९०९६ | १।२०८०।८१ |
| ७४।२०८१।७।१४ | खैरहनी ८ र ९ सडक ढल पेटीनिमार्ण | सम्मान कन्स्टक्शन प्रा. लि. | ११२५६२५ | ५।८०।८१ |
| १०३।२०८१।८।१४ | विभिन्न ५ स्थानमा सडक मर्मत तथा निर्माण | कुसम एण्ड कन्स्टक्शन | ६३८३६३३ | २४।२०८०।८१ |
| १०४।२०८१।८।१६ | पटीहानी विधालय गाडी खरिद पे फ | टाटा स्टार वस | २५४४५०० | |
| १०८।२०८१।८।१९ | खैरहनी नगरभित्रका लोकमार्ग जोडने सडक निर्माण | डि एण्ड बि एल एण्ड जि. जे. भी. | ३१५६५०७ | ९।२०८०।८१ |
| २०२।२०८१।११।१५ | | डि एण्ड बि एल एण्ड जि. जे. भी. | ३३२९८६६ | ९।२०८०।८१ |
| ३५०।२०८२२।२७ | पुरानो वसपार्कबाट रतन नगर ३ निस्कने सडक | डि एण्ड बि एल एण्ड जि .जे..भी | ६४६६७१० | ९।२०८०।८१ |
| १४१।२०८१।९।२८ | खानेपानी पाइपलाइन विस्तार | पि. के. निर्माण सेवा | २१९२०९४ | १०।२०८०।८१ |
| १६४।२०८१।१०।१५ | पर्साचोक लालटिन बजार हुदै जाने सडक निर्माण | न्यू भुटनदेवि ममता जे. भी. | ४७३७६८३ | ३।८०।८१ |
| १७५।२०८१।१०।२५ | भगवती कुलो निर्माण | एम विनायक कन्स्टक्शन प्रा. लि. | १५१९८४१ | १२।८०।८१ |
| १८१।२०८१।१०।२५ | हाथी खमाडीचोकी देखि सडक कालोपत्रे | माता कंकालिनी निर्माण सेवा | २१७८२६१ | १६।८०।८१ |
| **जम्मा** | | | **४७०९५११३** | |

४ **भुक्तानी दिन बाँकीको कच्चावारीमा देखिएका बेहोरा देहाय बमोजिम रहेका छन् ।**

४.१ **भुक्तानी दिन बाँकीको कच्चावारी** - आर्थिक कार्यविधि तथ वित्तीय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९ को १३ मा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाइ बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली महालेखापरीक्षकको

कार्यालयले तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाइ श्रावण ७ गते भित्र प्रमाणित गराई राख्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले आर्थिक वर्ष २०८०।८१ को भुक्तानी दिन बाँकी कच्चावारी भनी रू. १२,८२,४४,८८८।०७ को अभिलेख राखेको देखिन्छ। पालिकाले राखेको अभिलेख भिडान गर्दा वास्तविक दायित्व सृजना भएको रकमको अभिलेख नराखी बहुबर्षिय योजनाको सम्झौता समेतको रकम राखेको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था अनुसार वास्तविक भुक्तानी दिन बाँकी कच्चावारी रकम मात्र प्रमाणित गरी राख्नुपर्दछ ।

४.२ **कच्चावारी प्रमाणित नगरी भुक्तानी** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। जसमा चालु प्रकृतिका खर्चलाई भुक्तानी दिन बाँकीको कच्चावारीमा राख्न पाउने देखिदैन । पालिकाले नगरसभाबाट पूँजिगत प्रकृतिका योजनाको मात्र भुक्तानी दिन बाँकीको कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित गरेको देखियो । यसरी चालु प्रकृतिका औषधी उपचार खर्च, बोलपत्र मूल्याङ्कन बैठक भत्ता, सवारी साधन मर्मत खर्च, घरभाडा भुक्तानी, अनुगमन मूल्याङ्कन खर्च, जग्गा भाडा खर्च लगायतका खर्चलाई भुक्तानी दिन बाँकीको कच्चावारीमा नराखी भुक्तानी दिएको छ। तसर्थ यस्तो भुक्तानी नियमसम्मत नदेखिएको रु.

| गो. भौ . नं र मिति | भुक्तानीको विवरण | रकम |
|---|---|---|
| ११- ०८१ / ०५ / ०७ | दररेट निर्धारण समिति | ८४००० |
| १३- ०८१ / ०५ / ०७ | आर्थिक विकास समिति | ४५००० |
| १५- ०८१ / ०५ / ०७ | वातावरण तथा विपद व्यवस्थापन समिति | ६५००० |
| ६४- ०८१ / ०५ / ३० | मुचुल्का, नापी नक्साङ्कन कार्य र अनुगमन भत्ता | १२१००० |
| २९- ०८१ / ०५ / १२ | औषधी उपचार खर्च भुक्तानी | ५७३९० |
| २५- ०८१ / ०५ / १२ | बोलपत्र मूल्याङ्कन बैठक भत्ता | ४९००० |
| २७- ०८१ / ०५ / १२ | अन्य भत्ता शिर्षकबाट विविध खर्च भुक्तानी | ११५५०० |
| ३४- ०८१ / ०५ / १६ | समिति वैठक भत्ता | ४७००० |
| ६९- ०८१ / ०५ / ३१ | सवारी साधन मर्मत खर्च भुक्तानी | ३२५२४ |
| २८२- ०८१ / ०८ / १३ | वडा नं ७ को घरभाडा भुक्तानी | ११५५०० |
| ४४५- ०८१ / १० / १४ | अनुगमन मूल्याङ्कन खर्च भुक्तानी | ३०००० |
| ६४३- ०८१ / १२ / २७ | फोहोर प्रशोधन केन्द्र जग्गा भाडा | ८९१७७ |
| जम्मा | | ८५१०९१ |

| अनियमित भएको | ८,५१,०९१ |
|---|---|

५ **बजेट नीति तथा कार्यक्रम**

५.१ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम पालिकामा आयको प्रक्षेपण र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठन गरी फाल्गुन महिनाभित्र आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत बजेट प्रक्षेपण गर्नुपर्ने, प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई बजेट सीमा उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले सो समयमा विषयगत शाखा तथा वडा समितिलाई

बजेटको सीमा उपलब्ध गराएको छ । बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण गर्दा पालिकाले थप दुई वर्षको बजेट प्रक्षेपण गरेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार आय तथा बजेट प्रक्षेपण गरी स्थानीय तहको बजेट चक्रलाई प्रभावकारी बनाउनुपर्दछ ।

५.२ **बजेट तथा कार्यक्रम तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा पालिकामा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयार गर्नुपर्ने, बजेट सीमा निर्धारण समितिले दिएको बजेट सीमाभित्र राखी बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्ने र योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रमबीच आपसी तादम्यता तथा परिपूरकता कायम गर्नुपर्ने उल्लेख छ । ऐनमा व्यवस्था भएअनुसार समितिले स्थानीय तहको आवश्यकताअनुरूप कार्यक्रमको प्राथमिकीकरण गरेको पाइएन । बजेटको सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । साथै दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुखले मिति २०८१।०३।१० गते रु. १,११,३४,८७,१३०/- को बजेट सभा समक्ष पेश गरेकोमा सोही मितिमा सभाबाट पारित भएको पाइयो । यसैगरी नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई समयसीमा भित्रै बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । बजेट पेश, पारित तथा अख्तियारी दिने काम कानुनले तोकेको समयसीमाभित्र सम्पन्न भएको देखिन्छ भने आगामी आर्थिक वर्षमा पनि यस प्रक्रियालाई निरन्तरता कायम राख्नुपर्दछ ।

५.४ **अबण्डा राखेर खर्च** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना बनाई कार्यान्वयन गर्ने र उपदफा ६ मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनको प्रथिमिकीकरण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मुल्याङ्कन योजना तयार गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्न शिर्षकमा एकमुष्ट बजेट राखी पटक पटक गरी योजनामा खर्च गरेको देखिन्छ । पालिकाले यो वर्ष देहाय अनुसार रु. ४ करोड ७३ लाख अबण्डा राखी बजेट तथा कार्यक्रम स्वीकृत गरेको छ । यो वर्ष पालिकाको पुँजीगत बजेट रु. ६२,३९,१९,१२९ विनियोजन भएकोमा अबण्डा बजेट ७.६० प्रतिशत रहेको छ । साथै यसरी खर्च गर्दा कार्यपालिकाको निर्णय गरी खर्च गर्नुपर्नेमा सो नगरी खर्च गरी सके पछि पालिकाले खर्च गरेको रकमको एकमुष्ट समर्थन गर्ने गरेको देखिन्छ । पालिकाले कार्यक्रममा व्यवस्था गरी स्वीकृत गरेर मात्र कार्यक्रम गर्नुपर्दछ । अबण्डा बजेटको विवरण निम्नानुसार रहेका छन् ।

| क्र. सं. | कार्यक्रमको नाम | विनियोजन रकम रु. | योजना तथा कार्यक्रम संख्या | रकम रु. |
|---|---|---|---|---|
| १ | सामाजिक विकास तर्फका कार्यक्रम | ९४, ६५, १८६ | ४२ | ७९, ६५, १८६ |
| २ | किसान तपाईलाई के चाहिन्छ बोरिङ्ग जडान | ६०, ००, ००० | २० | ५७, ७०, ८८९ |
| ३ | वडा स्तरीय विभिन्न ३९ कोष | ३, १९, ३२, ०३३ | पेश नभएको | १, ३७, ८५, ५४४ |
| | जम्मा | ४७३९७२१९ | | २७५२१६१९ |

## ६ त्रैमासिक खर्च तथा क्षेत्रगत खर्च

६.१ **त्रैमासिक खर्च** - सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा ४ मा आयोजना कार्यान्वयन गर्दा वार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने र त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र त्यसपछि विनियोजनभन्दा कम नहुने गरी प्रत्येक महिना न्यूनतम दश प्रतिशतका दरले असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना

बनाउनुपर्ने उल्लेख छ । आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति निम्नबमोजिम छ ।

| त्रैमासिक/खर्च शीर्षक | चालु | पुँजीगत | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रथम त्रैमासिक | ९४२३१२९७ | ७२८१४७५२ | १६७०४६०४९ | १७.२८ |
| दोस्रो त्रैमासिक | ७२४९६४४५ | १११७९६७०१ | १८४२९३१४६ | १९.०६ |
| तेस्रो त्रैमासिक | ११०६९६८९६ | १०५६४५४५४ | २१६३४२३४९ | २२.३७ |
| चौथो त्रैमासिक | १५९९२१६१५ | २३९३३९४४३ | ३९९२६१०५९ | ४१.२९ |
| आषाढ महिनाको | ८६१०५५७६ | १५९५६३९०९ | २४५६६९४८५ | २५.४१ |
| जम्मा खर्च | ४३७३४६२५३ | ५२९५९६३५० | ९६६९४२६०३ | १०० |

उपर्युक्त विवरणअनुसार चालु र पुँजीगत शीर्षकमा वार्षिक खर्च रु. ९६,६९,४२,६०३/- रहेकोमा त्रैमासिक रूपमा खर्चको प्रतिशत क्रमश: १७.२८, १९.०६, २२.३७, ४१.२९ रहेको देखिन्छ भने आषाढ महिनाको मात्र खर्च कुल खर्चको तुलनामा २५.४१ प्रतिशत रहेको छ । खर्चको प्रवृत्ति हेर्दा अन्तिम त्रैमासिक र आषाढ महिनामा बढेको देखिन्छ । सन्तुलित खर्च व्यवस्थापन नहुँदा वर्षको अन्तमा योजना कार्यान्वियनको चाप बढी भई प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुँदैन जसले गर्दा कार्यको गुणस्तरमा असर पार्दछ । आर्थिक वर्षको सुरुदेखि नै योजना बनाई प्रभाकारी कार्यान्वियनमार्फत सन्तुलित खर्च व्यवस्थापनमा जोड दिनुपर्दछ ।

६.२ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | विवरण | बजेट | खर्च | बजेट । खर्च प्रतिशतमा | बजेट । श्रोत प्रतिशतमा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १३,५४,७५,००० | ११,१८,२४,६४१.७७ | ८२.५४ | १२.११ |
| २ | सामाजिक विकास | ३४,१८,३९,००० | २९,६५,७६,४५०.३९ | ८६.७५ | ३०.५६ |
| ३ | पूर्वाधार विकास | ४६,४२,८१,१३० | ३९,७१,५६,९९२.४० | ८५.५४ | ४१.५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,६१,१४,००० | १,६१,२६,१२२.५० | ६१.७५ | २.३३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १३,५७,७८,००० | १३,०२,५८,३९६.१६ | ९५.९३ | १२.१३ |
| | जम्मा | १,१०,३४,८७,१३० | ९५,१९,४२,६०३.२२ | ८६.२६ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट रु. १,११,८४,८७,१२९ मा क्षेत्र तोकिएको रु. १,१०,३४,८७,१३०/- मध्ये रु. ९५,१९,४२,६०३/- खर्च गरेको देखिन्छ भने रु. १ करोड ५० लाख बजेट तथा खर्चको क्षेत्र तोकेको पाइएन । नगरपालिकाको समग्र खर्चको तुलनामा क्षेत्रगत रूपमा सामाजिक विकासमा सबैभन्दा बढी ४१.५ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमामा सबै भन्दा घटी २.३३ प्रतिशत खर्च रहेको छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दीगो विकासको लागि क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी सन्तुलित रूपमा बजेट खर्च गर्नुपर्दछ । पालिकाले वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा बजेट विनियोजन गरेको देखिएन । क्षेत्रगत रूपमा सन्तुलित बजेट विनियोजन गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ७ तलबी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई नगरपालिका तर्फका

स्थायी कर्मचारीलाई रु. ३,२५,३१,००१/- र सङ्घीय सरकारबाट हस्तान्तरित अन्तर्गत स्वास्थ्य तर्फ रु. ३,३८,९५,१५४ /- खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलवी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

८ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ राजश्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सँग सम्बन्धित र कर्मचारीहरुसँग सम्बन्धित करार सम्झौता लगायतका फाइलहरु क्षति भएको मुचुल्का पेश भएको छ । यसरी कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पालिकामा प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय, वडा स्वास्थ्य चौकी अस्पताल सहित २०५ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय सहित १८३ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका कृषि विकास अधिकृत, राजश्व अधिकृत, प्रशासन सहायक लगायतका २२ पदहरु रिक्त रहेका छन् ।

९ **करार कर्मचारी**

बागमती प्रदेशको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ९ को उपदफा १३ र १४ मा कार्यालयले स्वीकृत दरबन्दी भित्र परेका पदहरु कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटर, सवारी चालक, इलेक्ट्रिसियन, कार्यालय सहयोगी, चौकीदार, स्वीपर, पलम्बर, माली, सरसफाई कर्मचारी लगायतमा सम्झौता गरी करारमा राखी सेवा लिन पाउने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष करार सेवामा करार कर्मचारीहरुको पारिश्रमिक स्वास्थ्य शिर्षक, अन्य सेवा शुल्क करार कर्मचारी शिर्षक र आधारभुत स्वास्थ्य केन्द्रका कर्मचारीहरुको पारिश्रमिक, पोशाक, चाडपर्व खर्च लगायतका शिर्षकबाट रु. २,७६,४४,०००/- बजेट विनियोजन गरी रु. २,७६,४३,०६२/- खर्च गरेको छ। यसरी ऐनमा तोकिएका बाहेकका स्थायी मार्फत पदपूर्ती गर्नुपर्ने मेडिकल अधिकृत, पशु चिकित्सक, कृषि विकास अधिकृत, सव ईन्जिनियर, कार्यालय सहायक, ल्याब टेक्निसियन कृषि, असिस्टेन्ट सव ईन्जिनियर, ल्याब टेक्निसियन अस्पताल, स्टाफ नर्स, अ.न.मी., अ.हे.व., हेल्थ असिस्टेन्ट लगायत ३९ पदमा पनि करार सेवा मार्फत पदपूर्ति गरी रु. १,८२,७५,६६०/- खर्च गरेको देखियो। यसरी कार्यालयले प्रदेश लोकसेवामा आवश्यक पदका लागि समयमै माग आकृति फारम पठाइ समयमै करार सेवामा रहेका पदमा स्थायी पदपूर्ति गर्नुपर्ने देखिन्छ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य प्रकृति अनुसारको खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ बनाई आन्तरिक नियन्त्रण प्रणाली लागू गरेतापनि आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ रूपमा कार्यान्वियन भएको पाइएन। यस सम्बन्धमा देखिएका केही बेहोरा देहायबमोजिम रहेका छन् ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुसार पालिकाले एक आर्थिक वर्ष भित्र भएको बजेट तथा शीर्षकको अनुगमन तथा मूल्याङ्कन गरी भौतिक तथा वित्तीय नतिजाको प्रतिवेदन तयार नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको साथै पालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी तरिकाले खर्च गरेको,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा तथ्यांक अद्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको तथा वडा कार्यालयमा रहेका जिन्सी सामानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अद्यावधिक नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा नबनाएको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा नगरको,

• पालिकाले यसवर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी ती समितिहरुको दर्ता नगरेको,

• सञ्चालित योजनाको सूचना पाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राख्नुपर्नेमा सो नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,

• केही भ्रमण खर्च भुक्तानी भएकोमा भ्रमण आदेश दर्ता नभएको तथा स्वीकृत नभएको (४९।२०८१।०५।२५ र ५१४।२०८१।११।१२),

• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू नगरेको ।

पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रचलित नियमानुसार प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ११ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। त्यस्तै दफा ३ मा उपदफा २ बमोजिम आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने उल्लेख गरेको छ। पालिकाको यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तरसरकारी अख्तियारीको कोष तथा लेखा नियन्त्रक कार्यालय, चितवनबाट गराएको छ भने पालिका तर्फको आन्तरिक लेखापरीक्षण पालिकाका आन्तरिक लेखापरीक्षकबाट गराएको छ। कानूनमा भएको व्यवस्था अनुसार आन्तरिक लेखापरीक्षणमा औल्याइएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुन अगावै सम्परीक्षण गराएको पाइएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्ने देखिन्छ।

## १२ नगर अस्पताल तर्फ

पालिकामा एक नगर अस्पताल सञ्चालनमा रहेको छ । जसमा ३४ कर्मचारी कार्यरत रहेको देखिन्छ । यसमा एक सञ्चित कोष खाता, एक चालु खर्च खाता र एक एम्बुलेन्स सञ्चालन खाता रहेको छ । नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति मार्फत रु. ९ करोड २८ लाख ८० हजार बजेट विनियोजन भएकोमा रु. ५ करोड ७५ लाख १३ हजार आम्दानी तथा रु. ४ करोड ८९ लाख ९२ हजार खर्च भएको छ ।

## १३ विभिन्न आर्थिक सहायता

१३.१ **आर्थिक सहायता** – सरकारको वार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधि उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उक्त मार्गदर्शनमा उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमका आर्थिक सहायता वितरण गर्ने शीर्षकमा बजेट विनियोजन गरी देहाय बमोजिम खर्च गरेकोमा

आर्थिक सहायताका लागि आवश्यक पर्ने कार्यविधि बनाएको देखिएन। यसरी दीर्घरोगी, गम्भीर प्रकृतिका विरामी, खेलकुद कार्यक्रम, विभिन्न मेला, पर्व, उत्सव, महोत्सव लगायतलाई कार्यविधि वेगर नगरप्रमुखको तोकादेशका आधारमा सहायता उपलब्ध गराएको देखियो। यसरी नगरप्रमुखले गरेको तोकादेशलाई पछि नगर सभाबाट अनुमोदन गराएको पाइयो । पालिकाको आन्तरिक आम्दानी रू. १७,३८,०६,०००/- रहेकोमा आन्तरिक आम्दानीको ०.६३ प्रतिशत रकम व्यक्तिगत आर्थिक सहायतामा वितरण गरेको छ। पालिकाले आर्थिक सहायता वितरण गर्ने कार्यमा आवश्यक कार्यविधि बनाई पारदर्शिता र मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

| क्र. सं . | बजेट शीर्षक | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|
| १ | आर्थिक सहायता | ५०००० | ४७२००० |
| २ | संघ संस्था सहयोग आर्थिक सहायता | ७००००० | ६३८३८५ |
| | जम्मा | १२, ०० , ००० /- | ११, १० , ३८५ /- |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट असान्दर्भिक आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिदैन। तर लेखापरीक्षणको क्रममा निम्नानुसारको आर्थिक सहायताका उदाहरण भेटिएका छन्, आर्थिक सहायता दिने प्रवृत्ति विश्लेषण गर्दा आर्थिक सहायता दिन नहुने र दिन आवश्यक नपर्ने व्यक्ति, संस्थालाई समेत नगरप्रमुखको तोकादेशमा आर्थिक सहायता दिएको औचित्य देखिदैन । यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ।

| गो. भौ . नं र मिति | सहायता पाउने | सहायता वितरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ९६- ०८१ / ०६ / ०८ | ग्रेट टेलिभिजन प्रा. लि | तीज कार्यक्रम | १००००० | नगरप्रमुखको तोकादेशमा, नाफामुलक संस्थालाई अनुदान |
| २३६- ०८१ / ०७ / २९ | खैरहनी टोल विकास संस्था | खैरहनी तिहार उत्सव ३ कार्यक्रम २०८१ | ५०००० | |
| २७८- ०८१ / ०८ / १२ | पर्सा दशैँ मेला २०८१ उ. स | दशैँ मेला | ९०००० | |
| ४९०- ०८१ / ११ / ०४ | योग साधना केन्द्र | घनश्याम / गुप्ता प्रसाद / सुर्य प्रसादलाई योग विज्ञान शिविरमा सहभागी भए वापत | ३०००० | |
| ५३६- ०८१ / ११ / २२ | तेश्रो खैरहनी महोत्सव २०८१ | महोत्सव संचालन गर्न | २००००० | |
| ५६२- ०८१ / ११ / २८ | श्री सोनी लाफा युवा क्लब | खेलकुद कार्यक्रम | ३०००० | नगरप्रमुखको तोकादेशमा |

१३.२ **अन्य निकायको खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। साथै पालिकाले आफ्नो क्षेत्राधिकार तथा आफु अन्तरगत रहेका संघ,संस्था तथा निकायलाई मात्र कार्यालय सञ्चालनको लागि बजेट विनियोजन तथा खर्च गर्ने गर्नुपर्दछ। पालिकाले सङ्घीय सरकार अन्तरगतको वडा नं २ मा रहेको प्रहरी चौकी चैनपुरलाई वडा बजेटबाट देहाय बमोजिमको सामाग्री खरिद गरी हस्तान्तरण गरेको छ। यी कार्यालयको आफ्नै अख्तियारी हुने हुनाले पालिकाले अन्य निकायलाई सहयोग गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। साथै माथिल्लो तहका कार्यालयको लागि खर्च गरेको रकम नियमसंगत नभएको रु.

| गो. भौ . नं र मिति | फर्मको नाम | खर्चको व्यहोरा | रकम |
|---|---|---|---|
| १८५- ०८१ / ०७ / ०६ चालु | इन्स्योर ट्रेडिङ प्रा. लि | इन्भटर र ब्याट्री खरिद | ४८५५२ |
| १५- ०८१ / ०७ / ०६ कार्यसंचालन कोष | रत्न इन्टेरियर एण्ड सप्लायर्स प्रा. लि | सोफा खरिद | २७५०० |
| जम्मा | | | ७६०५२ |

| अनियमित भएको | ७६,०५२ |
|---|---|

१३.३ (६१९/2081-12-17):

**सहकारी संस्थालाई सामाग्री खरिद** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाको वडा नं ६ मा रहेको जन कल्याण सहकारी संस्था लि. लाई क्यानन प्रिन्टर खरिद गर्नका लागि सहकारी संस्थालाई आवश्यक सामाग्री खरिद उपभोक्ता समिति – ६ गठन गरी शुभम एण्ड सिजल इन्टरप्राइजेजबाट १ थान क्यानन फोटोकपि प्रिन्टर खरिद गरेकोमा नाफा आर्जन गर्ने उद्धेश्यले स्थापित संस्थालाई सामाग्री खरिदका लागि रकम अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | ४०,००० |
|---|---|

१४ **जिन्सी दाखिलाको स्थानान्तरण**

**जिन्सी दाखिलाको स्थानान्तरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ देखि १०२ मा भएको व्यवस्था बमोजिम खरिद गरिएका मालसामानहरु ७ दिन भित्र मूल्य र स्पेशिफिकेशन खुलाई PAMS मा जिन्सी दाखिला गरी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहाय बमोजिमका सामाग्री, डि.पि.आर र सर्वेक्षण फारमलाई नियममा भएको व्यवस्था बमोजिम खर्च भएर नजाने जिन्सी खातामा दाखिला गर्नुपर्नेमा खर्च भएर जानेमा दाखिला गरेको पाइयो । जसले कार्यालयको वास्तविक जिन्सीको यकिन गर्न सकिएन । यसरी कार्यालयले उल्लिखित जिन्सीलाई खर्च भएर नजानेमा स्थानान्तरण गर्नुपर्ने देखिन्छ ।

| गो. भौ . नं र मिति | जिन्सीको विवरण | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ५७- ०८१ / ०५ / २७ चालु | PBX / Advanced Pbx system start ups company | सीजल कम्प्युटर | ४४०७० | खर्च भएर जानेको दा. प्र . नं १७२ - ०८१ / ०५ / २५ मा दाखिला |
| ८६- ०८१ / ०७ / २९ पूँजिगत | DPR of Constructing a barrage near Dijney Part in the Budhi Rapti river | स्टेप्स इन्जिनियरिङ्ग प्रा. लि | ४९१५५० | खर्च भएर जानेको दा. प्र . नं २१७ - ०८१ / ०८ / ११ मा दाखिला |
| १६६- ०८१ / १० / १८ पूँजिगत | Consulting Service IEE of Khairahani Barrage Chitwan | ग्रीन डेल्टा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि | ४७२३४० | खर्च भएर जानेको दा. प्र . नं २६३ - ०८१ / १० / १४ मा दाखिला |
| ८१६- ०८२ / ०२ / ३० चालु | नागरिक सन्तुष्टि सर्वेक्षण | चितवन स्टार मिडिया प्रा. लि | १९८३१५ | खर्च भएर जानेको दा. प्र . नं ३५२ - ०८२ / ०२ / ३० मा दाखिला |
| जम्मा | | | १२०६२७५ | |

१५ **आन्तरिक आय तर्फ**

१५.१ **आन्तरिक आयको प्रतिशत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले यस आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय सरकारको अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहायबमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५८११२२५९९ | १७३८०६१५६ | २९।९१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सामा २९।९१ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१५.२ **आयको अनुमान तथा संकलन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ अनुमानित रु. १९ करोड ४७ लाख (कुल बजेटको १९.१७ प्रतिशत) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१७ करोड ३८ लाख ६ हजार (दहत्तर बहत्तर समेत) अर्थात अनुमानको ७९.२६ प्रतिशत ४० वटा राजश्व शिर्षकबाट राजश्व संकलन भएको छ। पालिकाले आन्तरिक स्रोतको दायरा फराकिलो पारी संकलित राजश्वबाट पुँजी निर्माण तथा उत्पादनमूलक क्षेत्रमा खर्च गर्नुपर्दछ ।

| क्र. स . | आय शिर्षक | अनुमान | संकलित रकम |
|---|---|---|---|
| १ | सम्पत्तिकर | २८०००००० | १९५७९८४१ |
| २ | भूमिकर/ मालपोत | १३५०००० | २९२६६२ |
| ३ | घर बहालकर | ९५०००००० | १३३०८९५४ |
| ४ | बहाल विटौरी कर | ३५००००० | ५०२३२३१ |
| ५ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६०००००० | ७०६६९८८ |
| ६ | बाँडफाँट भइ प्रनप्त हुने प्राकृतिक स्रोत ढुंगा गिट्टी बालुवा | ६०००००० | २९७८५८८ |
| ७ | अन्य सेवा शुल्क प्राकृतिक स्रोत ढुंगागिट्टि बालुवा | | |
| ८ | प्रशासनिक दण्ड , जरिवाना र जफत प्राप्त आय | | |
| ९ | प्रशासनिक दण्ड , जरिवाना र जफत आय | | |
| १० | सवारी साधन कर | ४६०००० | १०८६०० |
| ११ | सिनेमा / मनोरञ्जन कर | १२०००० | |
| १२ | विज्ञापन कर | ७००००० | ४८७७७० |
| १३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ११०००००० | ८८६२८३६ |
| १४ | रेडियो / एफ एम सञ्चालन दस्तुर | २५००० | |
| १५ | कृषि तथा पशुजन्य बस्तुको कारोबारमा बापत | २५०००० | ८०२९७५ |
| १६ | सरकारी सम्पत्तिको बहाल बापत | ७००००० | ४३८०३५ |
| १७ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय जे सि वि भाडा | | |
| १८ | सरकारी सम्पत्ति वहालबाट प्राप्त आय सभाहल भाडा | | |
| १९ | पर्यटन सेवा शुल्क रोयल्टी | ५५०००० | २८४९१० |
| २० | घरजग्गा रजिष्ट्रेशन | ९५०००००० | ८६८८०७७० |
| २१ | सरकारी सम्पत्तिको वित्रीबाट प्राप्त रकम | ६००००० | १०३१५ |
| २२ | अन्य सेवा शुल्क फोहोर व्यवस्थापन | २५००००० | ३७४२७८० |
| २३ | न्यायिक दस्तुर | ३०००० | ३७८०० |
| २४ | शिक्षा क्षेत्रको आम्दानी | ६००००० | ८४२७२१ |
| २५ | परिक्षा शुल्क | ८५००० | २८००० |
| २६ | अन्य प्रशासनिक सेवा शुल्क | ४७००००० | १०५८४०० |
| २७ | पार्किङ्ग शुल्क | २५००० | १०००० |
| २८ | नक्शापास दस्तुर | ५०००००० | ३२०८१३६ |
| २९ | अन्य दस्तुर भवन अभिलेखीकरण | | |
| ३० | सिफारिस दस्तुर | १०००००००० | ९३५७१५० |
| | | | |

| | | | |
|---|---|---|---|
| ३१ | व्यक्तिगत घटनादर्ता दस्तुर | ९००००० | ९३६६४९ |
| ३२ | नाता प्रमाणित दस्तुर | १३०००००० | १०३३८०० |
| ३३ | अन्य दस्तुर | ३५०००००० | २३४४५१६ |
| ३४ | वन पैदावारको विक्रीबाट प्राप्त आय | १००००० | ६००० |
| ३५ | न्यायिक दण्ड जरिवानार जफत | ५००० | |
| ३६ | अन्य बिक्रीबाट प्राप्त रकम स्वास्थ्य सेवा तर्फ | | ७०० |
| ३७ | जलस्रोत सम्बन्धी अन्य दस्तुर | | २३००० |
| ३८ | अन्य सेवा शुल्क कवाडी संकलन | १२००००० | २०१८३२१ |
| ३९ | अन्य राजस्व | | ९५३५३२ |
| ४० | बेरुजु | १०००००० | २०७८१७७ |
| | जम्मा | १९४७००००० | १७३८०६१५७ |

१५.३ **सम्पत्ति कर** – पालिकाको आर्थिक ऐन,२०८१ को दफा २ मा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा नगरपालिकाको कर र गैर कर राजश्व सम्वन्धी ऐन,२०८१ बमोजिम सम्पत्ति कर लगाउने र असुल उपर गर्ने व्यवस्था रहेको छ। साथै सम्पत्ति करको दर अनुसुचि-१ मा उल्लेख भए बमोजिम हुने व्यवस्था रहेको छ । पालिकाले सम्पत्ति करको तथ्याङ्क अद्यावधिक गरी राखेको छैन । यस वर्ष पालिकाले सम्पत्ति कर वापत रू. १,९५,७९,८४१/- मात्र संकलन गरेकोमा सो रकम वास्तविक हो भन्न सकिदैन। पालिकाले बाँकी कर रकम यकिन गरी असुल गर्नुपर्दछ।

१५.४ **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ। पालिकाको क्षेत्रभित्र रहेका २०८१।८२ सम्म ५२५७ व्यवसायीहरु दर्ता भएकोमा २५२२ नविकरण भएकोमा २७३२ नविकरण भएको देखिएन । पालिकाले संकलन गरेको व्यवसाय कर वापतको रु. ८८,६२,८३६/- मात्र संकलन गरेको छ। जुन् शुल्क यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुका साथै नवीकरण नगर्ने व्यवसायीलाई कानुनको दायरामा ल्याउनु पर्दछ ।

१५.५ **मनोरञ्जन कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थ्रियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८२ मा पालिकाले यस शीर्षकमा कुनैपनि कर संकलन गरेको पाईएन। यस पालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ।

१५.६ **सामुदायिक वनबाट आम्दानी** - स्थानीय सरकार संचालन ऐन,२०७४(संशोधन सहित) को दफा ६२(ख) १ मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा ६२(ख) २ मा वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार पालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको सञ्चित कोषमा दाखिला गरेको देखिएन । ऐनमा व्यवस्था भए बमोजिम सम्बन्धित सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्रीवापत प्राप्त हुने रकमको १० प्रतिशत रकम पालिकाको संचित कोषमा दाखिला गराउनु पर्दछ ।

१५.७ **वडागत राजश्व तथा राजश्व व्यवस्थापन प्रणालीको प्रयोग** – महालेखा नियन्त्रक कार्यालयको मिति २०८१।०३।३० को परिपत्र अनुसार २०७९ माघमा सुत्र राजस्व मोड्युलको शुरुवात भएकोमा २०८० पौषदेखि सबै स्थानीय तहको राजश्व अनलाईन माध्यमबाट वुझाउन सकिने र करदाताको व्यक्तिगत तथा संस्थागत विवरण अनलाईन मार्फत भरी पेश गर्न सक्ने गरी स्थानीय तह राजस्व पोर्टल चलनमा आएको छ। तर यस पालिकाले यस आर्थिक वर्षसम्म सुत्रमा रहेको राजश्व मोड्युल सञ्चालनमा नल्याएर सांग्रिला कम्पनीको सफ्टवेयर लागु गरी राजश्व संकलन गरेको देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले सञ्चालनमा ल्याएको राजश्व मोड्युल प्रयोगमा ल्याउनुपर्ने देखिएको छ । पालिका र वडाबाट संकलन भएको राजश्वको विवरण निम्नानुसार रहको छ।

| क्र.सं. | राजस्व संकलन गर्ने कार्यालय | जम्मा |
|---|---|---|
| १ | खैरहनी नगरपालिका, चितवन | १४५७५४०६१ |
| २ | खैरहनी नगरपालिका, १ नं. वडा कार्यालय , चितवन | २४६७९५८ |
| ३ | खैरहनी नगरपालिका, २ नं. वडा कार्यालय , चितवन | २१५८९२९ |
| ४ | खैरहनी नगरपालिका, ३ नं. वडा कार्यालय , चितवन | २२४९६४१ |
| ५ | खैरहनी नगरपालिका, ४ नं. वडा कार्यालय , चितवन | २३९३०५२ |
| ६ | खैरहनी नगरपालिका, ५ नं. वडा कार्यालय , चितवन | १६५८७७७ |
| ७ | खैरहनी नगरपालिका, ६ नं. वडा कार्यालय , चितवन | १७३७२२० |
| ८ | खैरहनी नगरपालिका, ७ नं. वडा कार्यालय , चितवन | १७७३००१ |
| ९ | खैरहनी नगरपालिका, ८ नं. वडा कार्यालय , चितवन | २६, ४३ , ०५७.०० |
| १० | खैरहनी नगरपालिका, ९ नं. वडा कार्यालय , चितवन | २७६२४५७ |
| ११ | खैरहनी नगरपालिका, १० नं. वडा कार्यालय , चितवन | २७६०३४१ |
| १२ | खैरहनी नगरपालिका, ११ नं. वडा कार्यालय , चितवन | १३३८९७० |
| १३ | खैरहनी नगरपालिका, १२ नं. वडा कार्यालय , चितवन | २३७१७९७ |
| १४ | खैरहनी नगरपालिका, १३ नं. वडा कार्यालय , चितवन | १५५५९४३ |
| १५ | पशु सेवा शाखा | १८०९५३ |
| जम्मा | | १७३८०६१५७ |

१५.८ **आय ठेक्का तर्फ** - पालिकामा यो आ.व मा ४ वटा आय ठेक्का लागि राजश्व संकलन भएकोमा यस सम्वन्धी सबै फाईल जलेर पूर्ण रुपमा नष्ट भएको विवरण पालिकाले पेश गरेकोले यस सम्वन्धी थप विश्लेषण गर्न सकिएन ।

## १६ अनुगमन भत्ता

**अनुगमन भत्ता** – बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहित) मा पदाधिकारीहरुले कार्यक्रम र योजना अनुगमन गरे वापत भत्ता पाउने व्यवस्था भएको देखिदैन । कर्मचारीको हकमा भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ८ मा काठमाडौँ उपत्यका वा कुनै प्रशासकिय जिल्लाको सदरमुकाम क्षेत्रबाट १५ किलोमिटर क्षेत्र भित्रमा भत्ता नपाउने व्यवस्था रहेको छ । नगरपालिकाले अनुगमन, मूल्याङ्कन खर्च शिर्षकमा रु. ८ लाख बजेट विनियोजन गरी खर्च गरेको छ । यसरी पालिकाभित्र संचालित विभिन्न कार्यक्रममा सोहि कार्यक्रम शिर्षकबाट पनि अनुगमन गरे वापत जनप्रतिनिधि र कर्मचारीले अनुगमन भत्ता भुक्तानी लिएको देखियो । खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ को अनुसूची - २ मा कार्यक्रम अनुगमन भत्ता वापत प्रतिदिन रु.१०००।- पाउने उल्लेख छ । पालिकामा पेश भएका भौचरहरुको नमुना

परीक्षण गर्दा पालिकाले निम्नानुसारका पालिका स्तरमा नै संचालन भएका विभिन्न कार्यक्रम र योजनाको अनुगमन गरे वापत निम्नानुसारका पदाधिकारी तथा कर्मचारीलाई विभिन्न भौचरबाट भुक्तानी गरेको देखिन्छ । यसरी ऐन र नियमावलीमा भएको व्यवस्थाको पालना नगरी अनुगमन भत्ता वापत भुक्तानी दिएको रकम नियमानुसार नदेखिएको रु.

| गो. भौ . नं र मिति | कार्यक्रम/ योजनाको विवरण | सहभागी संख्या | रकम |
|---|---|---|---|
| १०३०- ०८२ / ०३ / २४ | पुरानो तथा नयाँ घर।भवन भौतिक संरचनाहरुसँग सम्बन्धित अनुगमन भत्ता | २६ जना | २५८००० |
| ६०३- ०८१ / १२ / ११ | लैङ्गिक समानता र महिला सशक्तिकरण विषयक सबलिकरण कार्यक्रम अनुगमन | ६ जना | ११००० |
| ५७७- ०८१ / १२ / ०४ | नारी दिवस सम्बन्धी कार्यक्रम अनुगमन | ५ जना | ५००० |
| जम्मा | | | २७४००० |

| अनियमित भएको | २,७४,००० |
|---|---|

## १७ पदाधिकारी सेवा सुविधा

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७६ को दफा २, ३, ४, ५ र ६ मा पदाधिकारी सेवा सुविधाको व्यवस्था गरी अनुसुची १ (क), १ (ख) र १ (ग) मा उल्लेख गरिएको छ। ऐनमा भएको सुविधाको अधिनमा रहि कार्यालयले नगरपालिका प्रमुख, नगरपालिका उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य गरी ६९ जना जनप्रतिनिधिलाई प्रदेश कानुन बमोजिम पदाधिकारी अन्य सुविधा शिर्षकबाट रु. १,२०,००,०००/- बजेट विनियोजन गरी सेवा सुविधा वापत जम्मा रु. १,१८,५६,०००।- भुक्तानी गरेको छ।

| क्र. सं | पदाधिकारी | संख्या | मासिक सुविधा | जम्मा वार्षिक |
|---|---|---|---|---|
| १ | नगरपालिका प्रमुख | १ जना | रु. ३९००० /- | ४६८००० |
| २ | नगरपालिका उपप्रमुख | १ जना | रु. ३४००० /- | ४०८००० |
| ३ | वडाध्यक्ष | १३ जना | रु. २७००० /- | ४२१२००० |
| ४ | कार्यपालिका सदस्य | ८ जना | रु. १३००० /- | १२४८००० |
| ५ | नगरसभा सदस्य | ४६ जना | रु. १०००० /- | ५५२०००० |
| जम्मा | | | | १, १८ , ५६ , ००० /- |

## १८ नगर सभा बैठक भत्ता (361-2081-09-23):

बागमती प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (संसोधन सहित) को दफा ३(क) को उपदफा ३ र दफा ४ को उपदफा १ मा नगरसभा बैठक भत्ताको व्यवस्था गरिएको छ । यसरी उक्त वैठक भत्ताको दरलाई ऐनको अनुसूची १ (ख) मा व्यवस्था गरिएको छ । उक्त ऐनमा नगरसभामा प्रमुखले प्रति बैठकको रु.१५००, उपप्रमुखले प्रति वैठकको रु.१००० र अन्य सदस्यले प्रति वैठकको रु.१००० पाउने उल्लेख छ । नगरपालिकाको १६ औँ नगरसभा बैठकमा भत्ता भुक्तानी गर्दा ऐनमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र. सं | पदाधिकारी/ कर्मचारी | संख्या | पाउने दर | भुक्तानी दर | बढी भुक्तानी कर बाहेक |
|---|---|---|---|---|---|
| १ | पदाधिकारी | ६२ जना | १००० | १५०० | २६३५० |
| २ | कर्मचारी र अन्य | ११२ जना | १००० | १५०० | ४७६०० |
| जम्मा | | | | | ७३९५० |

| असुल गर्नुपर्ने | ७३,९५० |
|---|---|

## १९ वडा समिति वैठक भत्ता

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संसोधन) ऐन, २०७५ (पहिलो संसोधन सहित) को दफा १० मा पदाधिकारी सदस्य र सभाका सदस्यले यस ऐन बमोजिम पाउने सुविधा, भत्ता तथा अन्य सुविधा वापतको रकम सम्बन्धित सभाको सचिवालय वा गाउँ कार्यपालिका, नगर कार्यपालिका वा जिल्ला समन्वय समितिको कार्यालयले सम्बन्धित पदाधिकारी वा सदस्यको बैंक खाता खोली सोही खाता मार्फत भुक्तानी गर्नुपर्ने उल्लेख छ। तर पालिकाले वडा समितिको वैठक भत्ता वापतको रकम सम्बन्धित वडा समिति सदस्यको खातामा दाखिला गर्नुपर्नेमा वडा सचिवले सोधभर्ना लिई भर्पाइ गरेको देखियो। ऐनमा भएको व्यवस्थाको पालना गरेको देखिएन। यस तर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ।

| क्र. सं | वडा नं | वडा समिति सदस्य संख्या | वैठक वापत भुक्तानी |
|---|---|---|---|
| १ | वडा नं १ | ५ जना | १२०००० |
| २ | वडा नं २ | ६ जना | १४४००० |
| ३ | वडा नं ३ | ७ जना | १६८००० |
| ४ | वडा नं ४ | ६ जना | १४४००० |
| ५ | वडा नं ५ | ६ जना | १४४००० |
| ६ | वडा नं ६ | ६ जना | १४४००० |
| ७ | वडा नं ७ | ६ जना | १४४००० |
| ८ | वडा नं ८ | ६ जना | १४४००० |
| ९ | वडा नं ९ | ५ जना | १२०००० |
| १० | वडा नं १० | ७ जना | १६८००० |
| ११ | वडा नं ११ | ६ जना | १४४००० |
| १२ | वडा नं १२ | ७ जना | १६८००० |
| १३ | वडा नं १३ | ६ जना | १४४००० |
|  | जम्मा |  | १८९६००० |

## २० **सवारी साधन ईन्धन र मर्मत खर्च**

२०.१ **ईन्धन खर्च** – सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को दफा १४ मा भएको व्यवस्था अनुसार कार्यालयले ईन्धन खर्चमा मितव्यीता ल्याइ खर्च गर्नुपर्ने उल्लेख छ। यसै गरी खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ दफा ९ मा सरकारी तथ निजी सवारी साधन प्रयोग गरी नियमित कार्यालयमा आउने कर्मचारीलाई अनुसूची – १ बमोजिम ईन्धन सुविधा उपलब्ध गराउने उल्लेख छ । कार्यालयले ईन्धनका लागि श्रीराम जानकी इन्टरप्राइजेज र सोझै बिल पेश गरी नगरपालिका चालु शीर्षकको ईन्धन (कार्यालय प्रयोजन) शीर्षकबाट रु.३५,००,०००/- र स्वास्थ्य संस्थाहरुको कार्यालय संचालन, बिजुली, पानी, इन्टरनेट, इन्धन खर्च, अतिथी सत्कार खर्च, आवश्यक फर्म फर्म्याट छपाइ शिर्षकबाट रु.६,७९,६५७/- गरी जम्मा रु.४१,७९,६५७/- खर्च गरेको छ। बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को अनुसूची १ (क) मा भएको ईन्धन प्रयोगको मासिक दरमा भएको व्यवस्था भन्दा चार पाङ्ग्रे सवारी साधन प्रयोग गर्ने नगरपालिकाका पदाधिकारीले आवश्यकताका आधारमा ईन्धन प्रयोग गरेको देखियो। महालेखा नियन्त्रक कार्यालयबाट इन्धन खर्च सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्टि गर्नुपर्ने भनि निर्देशन गरेकोमा पालिकाले ईन्धनको प्रविष्टि PAMS मा गरेको पाईएन। प्रचलित कानूनी व्यवस्थाको पालना गरी PAMS मा प्रविष्टि गरेर मात्र इन्धन खर्च गर्नुपर्दछ। त्यस्तै पालिकामा रहेकोमा दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवारीसाधनमा कति इन्धन खपत भएको भनि एकीकृत विवरण राखेको जनाइएकोमा क्षति भएको कार्यालयको भनाइ रहेको छ। पालिकाले सवारी साधनमा ईन्धन खपतको अवस्था खुल्नेगरी म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन

लगबुक राख्नु पर्दछ। लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेपनि अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन। सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नुपर्दछ। यसरी पदाधिकारी र कर्मचारीले ऐन र कार्यविधिमा भएको व्यवस्था बमोजिम ईन्धन प्रयोग गर्ने तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ।

२०.२ **सवारीसाधन मर्मत खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ (चौधौँ संशोधन) को नियम ९६ मा मालसामान मर्मत सम्भार गर्ने, गराउने कार्यविधिको व्यवस्था गरिएको छ। खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ दफा ८ को उपदफा ७ मा सरकारी सवारी साधन प्रयोग गर्ने कर्मचारीलाई निजले प्रयोग गरेको सवारी साधनको लागि मर्मत बील बमोजिम बढीमा कार/जिपको वार्षिक पचास हजार र मोटरसाइकल वा स्कूटरको लागि वार्षिक दश हजारमा नबढ्ने गरी मर्मत खर्च उपलब्ध गराइने र यस भन्दा बढी रकमको सवारी साधनको मर्मत सम्भार वापतको रकम भुक्तानी गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय बमोजिम हुने गराउने उल्लेख छ। कार्यालयले यसरी सरकारी चारपाङ्ग्रे र दुई पाङ्ग्रे सवारी साधनलाई वार्षिक रुपमा कति मर्मत खर्च उपलब्ध गराएको भनी अभिलेख राखेको देखिएन । कार्यालयले यस वर्ष सवारी साधन मर्मत खर्चमा रु.१२,००,०००/- बजेट विनियोजन गरी खर्च गरेको छ ।

## २१ खेलकुद कार्यक्रम

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्ययी र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा विभिन्न किसिमका खेलकुद कार्यक्रम संचालन गर्नका लागि नगर खेलकुद विकास समिति गठन र संचालन सम्बन्धी कार्यविधि, २०७९ बनाएको छ । खेलकुद कार्यक्रमको संचालन विभिन्न समुह, क्लब, उपभोक्ता समिति, वडा कार्यालय र नगरपालिकाको कार्यालयबाट भएको देखियो। पालिकाले खेलकुद कार्यक्रममा पालिका र वडातर्फ बजेट विनियोजन गरी रु.५९,४७,६०३/- खर्च गरेकोमा उक्त खर्चको लागि मापदण्ड स्वीकृत गरेको देखिएन। खर्चको प्रवृत्ति हेर्दा भलिवल, फुटबल, एथलेटिक्स, कबड्डी, क्रिकेट, तेक्वान्दो लगायतका खेलकुद कार्यक्रम आयोजना गरी वा सहभागी भई खाना, खाजा, यातायात भाडा, खेलकुद सामग्री, खेलकुद पोशाक, पुरस्कार र प्रशिक्षक र सहयोगी भत्ता वितरण गरेको देखियो। खेलाडी, समूह, क्लबले यातायात र खाना खाजाको बिल पेश गरी सोझै भुक्तानी दिएकोमा खेलाडीको संख्या र दिन प्रष्ट रुपमा स्रेस्तामा देखिएन। साथै वितरित सामग्रीहरुको व्यवस्थित रुपमा अभिलेख राखेको देखिएन। यस्ता कल्ब र समूहहरुलाई पालिकाबाट प्रत्येक वर्ष पटक पटक भुक्तानी भएकोमा ति खेलकुद सामग्रीहरुको सदुपयोग बारे पालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ। यसरी अधिकाशं खरिद भएका खेलकुद सामाग्रीहरुको खरिदका लागि र खेलकुद कार्यक्रम समेत संचालन गर्नका लागि उपभोक्ता समिति गठन गरेको पाइयो । यसरी नतिजामुलक कार्यमा खर्च गर्नुपर्ने बजेट वितरणमुखी कार्यमा खर्च गरेको उचित देखिएन। यस्ता खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ।

| क्र. सं | बजेट खर्च/ कार्यक्रमको विवरण | बजेट स्रोत | भुक्तानी रकम |
|---|---|---|---|
| १ | मेयरकप फुटबल प्रतियोगिता | पालिका | ७७७९८० |
| २ | खेलाडी प्रशिक्षण सबै विधाको खेल | पालिका | २०२१५८ |
| ३ | जिल्ला, प्रदेश र राष्ट्रिय स्तरीय खेलकुद प्रतियोगिता सहभागिता | पालिका | २४९७५४ |
| ४ | विद्यालय स्तरीय शिक्षक भलिवल प्रतियोगिता संचालन | पालिका | १५०००० |
| ५ | खेलाडी विमा खर्च सबै विधाको खेलाडी | पालिका | ६४१६५ |
| ६ | जनप्रतिनिधि र कर्मचारी बिच मैत्रीपूर्ण फुटबल र कबड्डी प्रतियोगिता संचालन | पालिका | १००००० |
| ७ | नगरस्तरीय भलिवल, एथलेटिक्स , कबड्डी , क्रिकेट , तेक्वान्दो लगायतका प्रतियोगिता संचालन | पालिका | ५९९७६४ |
| ८ | विद्यालयलाई खेल सामाग्री व्यवस्थापनको लागि अनुदान निकासा | पालिका | ५५५००० |
| ९ | विविध खेलकुद संचालन | वडा नं २ | ४६९८८६ |
| १० | खेलकुद विकास कार्यक्रम | वडा नं ५ | ३००००० |
| ११ | खेलकुद सामाग्री खरिद | वडा नं ६ | ३४८५०० |
| १२ | दोश्रो वडाध्यक्ष कप तथा खेलकुद सामाग्री खरिद | वडा नं ७ | २००००० |
| १३ | विभिन्न खेलकुद प्रतियोगिता तथा खेलकुद सामाग्री खरिद | वडा नं ८ | ४००००० |
| १४ | खेलकुद सामाग्री खरिद तथा विभिन्न कार्यक्रम | वडा नं १० | ३००००० |
| १५ | खेलकुद विकास कार्यक्रम | वडा नं ११ | ४७१२६२ |
| १६ | खेलकुद प्रतियोगिता संचालन खेल सामाग्री खरिद तथा खेलाडी प्रोत्साहन | वडा नं १३ | ३५०८०९ |
| १७ | कार्यसंचालन कोषबाट ( भौ . नं १८ , २३ , २७ , ३१ र ५२ बाट ) | विभिन्न वडा | ४०८३२५ |
| जम्मा | | | ५९४७६०३ |

## २२ सीप विकास तालिम

२२.१ **सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा १८ र १९ मा क्रमशः सीपमुलक तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था गरी उत्पादित सामग्रीहरु तालिममा सहभागी प्रशिक्षार्थीहरुलाई उत्पादन मूल्य को पचास प्रतिशत छुट गरी विक्रि गर्न र सो विक्रिबाट प्राप्त भएको रकम कार्यालयको राजश्व खातामा दाखिला गर्ने वा अभिलेख राखी कोशेली घर, प्रर्दशनी गृह वा त्यस्ता स्थलहरु नभएमा जिल्ला दैवी प्रकोप उद्धार समिति, स्थानीय विपद व्यवस्थापन, नेपाल रेडक्रस सोसाइटी, स्थानीय तह वा अन्य निकायहरुलाई निःशुल्क रुपमा वितरण गर्ने र तालिमका लागि खरिद भएका मेशिन र औजारहरु कार्यालयमा दाखिला गरी आगामी तालिमको लागि राख्नुपर्ने व्यवस्था छ। तर कार्यालयले संचालन गरेका सीप विकास तालिममा उत्पादित सामग्री र प्रयोग भएका मेशिन र औजारको कार्यविधिमा भएको व्यवस्था अनुरुप नगरी प्रशिक्षार्थीलाई वितरण गरेको उल्लेख गरेको छ। कार्यविधि अनुरुप गर्न सम्बन्धित कार्यालयको ध्यान जानुपर्दछ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्।

| गो. भौ . नं र मिति | सीप विकास तालिम | कच्चा पदार्थ खरिद वापतको रकम |
|---|---|---|
| ५२२- ०८१ / ११ / १५ | सिलाइ कटाई तालिम वडा नं १० | ५४५७९ |
| | बेहुली सजावट तथा पहिरनका सामाग्री बनाउने तालिम वडा नं १० | ८५८८० |
| ७२३- ०८२ / ०१ / २२ | मन्टेश्वरी बेसीक तालिम वडा नं ५ | ३०००० |
| ७७६- ०८२ / ०२ / २० | चप्पल बनाउने तालिम वडा नं ३ | ५४२०१ |
| ७७५- ०८२ / ०२ / २० | फिनेल तथा सर्फ बनाउने तालिम वडा नं ३ | ५४२०१ |

२२.२ **सीप विकास प्रशिक्षकको छनौट योग्यता** - बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा ११ मा सीप विकास प्रशिक्षकको छनौट योग्यता तथा सुविधाको व्यवस्था गरी कार्यालयले प्रत्येक वर्ष सूचना प्रकाशन गरी प्रशिक्षकको रोष्टर सुचि तयारी तथा अद्यावधिक गर्नुपर्ने साथै प्रशिक्षकको योग्यता तालिम वा अनुभव कार्यविधिमा भएको व्यवस्था बमोजिम हुनुपर्ने व्यवस्था गरेकोमा कार्यालयले रोष्टर सुची तयार गरी वार्षिक रुपमा अद्यावधिक गरेको छैन।साथै प्रशिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायकको शैक्षिक योग्यता तालिम वा अनुभवको विवरण अद्यावधिक गरेको देखिएन। यस तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। यस आ.व.मा सञ्चालन भएका केही तालिमका प्रशिक्षक र सहायक प्रशिक्षकको विवरण देहाय बमोजिम रहेका छन्।

| गो. भौ . नं र मिति | सीप विकास तालिम | प्रशिक्षक र सहायक प्रशिक्षक | प्रशिक्षण वापत भुक्तानी रकम |
|---|---|---|---|
| ८७३- ०८२ / ०३ / १३ | आधारभूत व्यूटिसियन तालिम वडा नं ६ | गंगा थपलिया | ४१६०० |
| ७८०- ०८२ / ०२ / २१ | एडभान्स ब्युटीपार्लर तालिम | रेस्मा कुँवर | ३६००० |
| ७७६- ०८२ / ०२ / २० | चप्पल बनाउने तालिम वडा नं ३ | सुशिला शर्मा अधिकारी र सुस्मा पौडेल | १६९५० |
| ७७५- ०८२ / ०२ / २० | फिनेल तथा सर्फ बनाउने तालिम वडा नं ३ | सुशिला अधिकारी र अनिता खड्का | १६९५० |

२२.३ **सीप विकास तालिममा प्रशिक्षकको सुविधा** – अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को अनुसुची ११ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्डको व्यवस्था गरिएको छ । उक्त निर्देशिकाको अनुसुची - ११ को बुँदा नं ३ मा सीप विकास तालिमको खर्च सम्बन्धी व्यवस्था गरिएकोमा कक्षागत रुपमा, ३० कार्यदिन सम्मको र ३० कार्यदिन भन्दा बढी दिनको सीप विकास तालिममा प्रशिक्षकलाई भुक्तानी गरिने रकमको व्यवस्था गरिएको छ । तर खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ मा सीप विकास तालिमको खर्च मापदण्डको व्यवस्था गरिएको छैन । यसरी नगरपालिकाबाट संचालित विभिन्न सीप विकास तालिममा निर्देशिकामा भएको व्यवस्था भन्दा बढी दरमा प्रशिक्षण भत्ता भुक्तानी गरेको देखिएकोले नियमानुसार नदेखिएको रु.

| गो. भौ . नं र मिति | सीप विकास तालिम | प्रशिक्षकको नाम | तालिमको अवधि | मापदण्ड अनुसार पाउने | भुक्तानी भएको | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ८७३-०८२/०३/१३ | आधारभूत ब्यूटिसियन तालिम वडा नं ६ | मुख्य प्रशिक्षक | ५२ दिन | ३०००० | ४१६०० | ११६०० |
| ७८०-०८२/०२/२१ | एडभान्स ब्युटीपार्लर तालिम वडा नं ७ | मुख्य प्रशिक्षक | ६० दिन | ३०००० | ३६००० | ६००० |
| ७२३-०८२/०१/२२ | मन्टेश्वरी बेसीक तालिम | प्रशिक्षक १ जना | ४५ दिन | २२५०० | ३३९१६ | ११४१६ |
| ५२२-०८१/११/१५ | सिलाइ कटाई तालिम वडा नं १० | मुख्य प्रशिक्षक | ४५ दिन | २२५०० | ९१५३० | ६९०३० |
| | बेहुली सजावट तथा पहिरनका सामाग्री बनाउने तालिम वडा नं १० | मुख्य प्रशिक्षक | २१ दिन | १४७०० | ४२७१४ | २८०१४ |
| | | सहायक प्रशिक्षक | २१ दिन | १०५०० | ३६७८१ | २६२८१ |
| ५७६-०८१/१२/०४ | वडा नं २ मा १ महिने बरिस्ता तालिम | मुख्य प्रशिक्षक | ३० दिन | २१००० | ६२७१५ | ४१७१५ |
| | | सहायक प्रशिक्षक | ३० दिन | १५००० | ५५९३५ | ४०९३५ |
| ६४७-०८१/१२/२८ | वडा नं ५ मा ब्युटिसियन एडभान्स तालिम | मुख्य प्रशिक्षक | ३० दिन | २१००० | ४०६८० | १९६८० |
| २४८-०८१/१२/०४ | वडा नं २ मा बारिस्ता कफि बनाउने तालिम | मुख्य प्रशिक्षक | ३० दिन | २१००० | ६२७१५ | ४१७१५ |
| | | सहायक प्रशिक्षक | ३० दिन | १५००० | ५५९३५ | ४०९३५ |
| जम्मा | | | | | | ३३७३२१ |

| | |
|---|---|
| अनियमित भएको | ३,३७,३२१ |

२२.४ **लक्षित वर्ग र समूहको छनौट** – बागमती प्रदेश सीप विकास तालिम संचालन सम्बन्धी कार्यविधि, २०८० को दफा ६ मा सहभागी छनौट गर्ने आधार र विधिको व्यवस्था गरिएको छ । जसमा स्वरोजगारमूलक व्यवसाय र उद्यम गर्न चाहना र रुची भएको वा गरिरहेको, विपन्न, गरिब, दलित, द्वन्द्व पीडित, सीमान्तकृत, अल्पसंख्यक समुदाय अन्तरगत पर्ने साथै वडा र पालिका मार्फत सिफारिस भएको हुनुपर्ने उल्लेख छ । नगरपालिकाबाट यस आर्थिक वर्षमा नगर र वडागत बजेटबाट विभिन्न सीप विकास तालिम संचालन भएकोमा माथी कार्यविधिमा भएको व्यवस्था बमोजिम लक्षित वर्ग र समूहको छनौट भएको भनी आश्वस्त हुन सकिएन । कार्यविधिको पालना गरी वास्तविक लक्षित वर्गको छनौट गर्नुपर्ने देखिन्छ ।

२२.५ **CTEVT बाट स्वीकृति प्राप्त नगरेको** - नगरपालिकाबाट संचालित विभिन्न सीप विकास तालिम कार्यक्रममा विभिन्न सीप विकास तालिम प्रदायक संस्था र केन्द्रले विभिन्न प्रकारका तालिम संचालन गरेको देखिएको छ । यसरी आर्थिक प्रस्ताव पेश गरी कम कबोल गर्ने फर्मले तालिम संचालन गरेकोमा देहाय बमोजिमका तालिम संचालन गरेका तालिम प्रदायकले प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद (CTEVT) बाट नियमानुसार उक्त सीप विकास तालिम संचालन गर्ने सम्बन्धन/स्वीकृति प्राप्त गरेको नदेखिएकोले

सम्बन्धन प्राप्त नगरेका तालिम प्रदायकलाई नगरपालिका र वडाले सीप विकास तालिम संचालन गर्न कार्यादेश दिने कार्य उपयुक्त देखिएन । कार्यालयको यसमा ध्यान जानुपर्ने देखिन्छ ।

| गो.भौ.नं र मिति | सीप विकास तालिम प्रदायक | सीप विकास तालिम | रकम | CTEVT को सम्बन्धन सम्बन्धी पत्रको मिति , चलानी नं र तालिम संचालन गर्न पाउने क्षेत्र |
|---|---|---|---|---|
| ७२३-०८२/०१/२२ | व्यवस्थापन विकास तथा परामर्श केन्द्र कैलाली | वडा नं ५ मा मन्टेश्वरी बेसीक तालिम | ९९४४० | २०७८/१०/०७ च.नं १७३४ बाट Mason र Motor Cycle Mechanic |
| ५२२-०८१/११/१५ | भूमिका टेक्निकल सर्भिस प्रा.लि नवलपरासी | वडा नं १० मा सिलाइ कटाइ र बेहुली पहिरनका सामाग्री बनाउने तालिम | ३९७३४१ | २०७४/०२/२९ च.नं २४४० बाट जुनियर बिल्डिङ इलेक्ट्रिसियन र इन्डस्ट्रियल इलेक्ट्रिसियन तालिम |
| ५७६-०८१/१२/०४ | | वडा नं २ मा १ महिने बरिस्ता तालिम | २९८०३७ | |
| ५९९-०८१/१२/११ | | वडा नं ५ मा अचार बनाउने तालिम | १८२३२५ | |
| ६४७-०८१/१२/२८ | | वडा नं ५ मा व्युटिसियन एडभान्स तालिम | १४८२५६ | |
| २४८-०८१/१२/०४ | | वडा नं २ मा बारिस्ता कफि बनाउने तालिम | २४८०३७ | |
| ७७६-०८२/०२/२० | पर्फेक्ट म्यानपावर ट्रेनिङ्ग सेन्टर प्रा.लि | चप्पल बनाउने तालिम वडा नं ३ | ९९००० | २०७१/०५/१२ च.नं ५४३ बाट २६ प्रकारका तालिम, २०८०/०२/२३ च.नं ३२६१ बाट थप ५ प्रकारका तालिम , २०८१/०२/२८ च.नं २५८४ बाट थप ३ प्रकारका तालिम |
| ७७५-०८२/०२/२० | | फिनेल तथा सर्फ बनाउने तालिम वडा नं ३ | ९९००० | |

२३ **वैठकमा आमन्त्रीत सदस्य**

खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ को दफा ३ को उपदफा १ (घ) मा समिति वा कार्यदलका कूल सदस्य बाहेक सो संख्याको बढीमा पच्चीस प्रतिशतले हुन आउने संख्यामा विज्ञ, आमन्त्रीत सदस्य वा कर्मचारीलाई मात्र बैठक भत्ता उपलब्ध गराउने उल्लेख छ । नमुना छनौटका आधारमा परीक्षण गरिएका निम्नानुसारका भौचरमा कार्यालयले बैठक भत्ता भुक्तानी गर्दा कार्यविधिमा तोकिएको भन्दा बढी संख्यामा र विशेषज्ञ सेवा भन्दा बाहेकका आमन्त्रीत सदस्यलाई भुक्तानी गरी थप आर्थिक व्ययभार पारेको रु.

| गौ. भौ . नं र मिति | समिति | समिति सदस्य | आमन्त्रित सदस्य | आमन्त्रीतलाई भुक्तानी रकम |
|---|---|---|---|---|
| ९- ०८१ / ०५ / ०७ | ५०% अनुदानमा गाई भैसीको लागि काउ म्याट वितरणका लागि बोलपत्र मूल्याङ्कन समिति | ५ जना | ६ जना | २५००० |
| ३४ ०८१/ ०५ / १६ | विधायन समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति र अनुगमन तथा मूल्याङ्कन समिति | ५ जना | ४/ ५ / ६ जना | २१००० |
| ३११ ०८१/ ०८ / २७ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोजित गठित समिति | ३ जना | ४ जना | ५८००० |
| ५४५ ०८१/ ११ / २५ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि २०७७ बमोझिम गठित प्राविधिक समिति | ३ जना | ५ जना | ३४००० |
| ७२५ ०८२/ ०१ / २२ | आर्थिक विकास समिति | ५ जना | ५ जना | १०००० |
| ६४६ ०८१/ १२ / २८ | नगर जलस्रोत समिति | ७ जना | ५ जना | ३०००० |
| ६९९ ०८२/ ०१ / १६ | सीप विकास तालिमका लागि बोलपत्र मूल्याङ्कन समिति | ५ जना | ४ जना | २४००० |
| ५६५ ०८१/ १२ / ०३ | ल्याब भवन तथा शौचालय निर्माणको बोलपत्र मुल्याङ्कन समिति | ४ जना | ४ जना | १६००० |
| ४७६ ०८१/ १० / २८ | गरिब घर पहिचान सम्बन्धी गुनासो सुनुवाइ समिति | ४ जना | ४ जना | २४००० |
| जम्मा | | | | २४२००० |

| | |
|---|---|
| अनियमित भएको | २,४२,००० |

## २४ विद्युत महसुलको जरिवाना भुक्तानी

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्बन्धी मापदण्ड, २०८१ को बुँदा नं ८ मा पानी, बिजुली र संचार महसुलवापत विनियोजित बजेटबाट खर्च धान्ने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने उल्लेख छ। त्यस्तै खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ को दफा १५ मा पानी, बिजुली, टेलिफोन तथा घरभाडा सम्बन्धि व्यवस्था गरिएको छ । उक्त दफाको उपदफा १ र २ मा कार्यालय तथा पदाधिकारीले पानी, बिजुली, टेलिफोन जस्ता सुविधाको प्रयोगमा मितव्ययिता अपनाउनु पर्ने र

सोको बील समयमै भुक्तानी गरी जरिवाना नतिर्ने र छुट सुविधा लिने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । केही भौचरहरु छनौट गरी परीक्षण गर्दा कार्यालयले विद्युत महसुलको जरिवाना स्वरुप रु. ५६,६०५/- सहित महशुल भुक्तानी गरेको पाइयो। कार्यालयले यस्ता युटिलिटी खर्चमा समयमै भुक्तानी गरी छुट प्राप्त गर्नु पर्नेमा म्याद समाप्त भएपछि ५%, १०% र २५% सम्म जरिवाना समेत बिल रकमको भुक्तानी गरेको कार्य नियमसंगत नदेखिएको रु.

| गो. भौ . नं र मिति | कार्यालय | बिल रकम | जरिवाना दर | जरिवाना रकम |
|---|---|---|---|---|
| | नगरपालिका | १३४९३९ | २५% र ५ % | २६७६९ |
| | नगरपालिका | १३७६१ | २५% र १० % | २३६९ |
| | वडा | ३५५८२ | २५% र ५ % | ६२१३ |
| २२३- ०८१ / ०७ / २६ | वडा | ४५१९ | २५% र १० % | ९८४ |
| | नगरपालिका | ७२५९२ | २५% र ५ % | १७४६० |
| २६३- ०८१ / ०८ / ०९ | स्वास्थ्य चौकी र आधारभुत स्वास्थ्य चौकी | २५०५३ | २५% र ५ % | ४८१० |
| जम्मा | | | | ५८६०५ |

| अनियमित भएको | ५८,६०५ |
|---|---|

२५ **प्रशिक्षण भत्ता बढी भुक्तानी** (290-2081-08-17):

खैरहनी नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि, २०७८ को दफा १४ मा तालिम/गोष्ठी/सेमिनारको व्यवस्था गरी तालिम/गोष्ठी/ सेमिनारको लागि भत्ताको दर अनुसूची - २ मा व्यवस्था गरिएको छ । यसरी अनुसूची - २ मा प्रशिक्षक तथा कार्यपत्र प्रस्तुतकर्ताले दैनिक दुई सेसनको मात्र भुक्तानी लिन पाउने उल्लेख गरेकोमा मिति २०८१/०७/०४ देखि ०७/१३ गते सम्म वडा तथा नगरपालिकामा बालमैत्री स्थानीय शासनयुक्त घोषणा तथा दिगोपनाको लागि सरोकारवालासँग अन्तरक्रिया कार्यक्रममा CFLG राष्ट्रिय सहजकर्ता विष्णु प्र. चौबेले प्रति दिन ४ वटा सेसन संचालन गरेवापत (१० दिनको प्रति दिन ४ सेसनको जम्मा ४० सेसनको प्रति सेसन रु.२५००/- कार्यपत्र र प्रशिक्षण वापत) प्रशिक्षण र कार्यपत्रको भुक्तानी लिएको देखिएकोले कार्यविधिमा भएको भन्दा बढी संख्यामा सेसनको भुक्तानी भएको रकम अनियमित देखिएको रु.

| अनियमित भएको | ५०,००० |
|---|---|

२६ **अतिथि सत्कार, विविध तथा सभा संचालन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र राखी औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष अतिथि सत्कार खर्च शिर्षकमा रु. १५ लाख, विविध खर्च शिर्षकमा रु. १० लाख र सभा संचालन खर्च शिर्षकमा रु. ८ लाख गरी जम्मा रु. ३३,००,०००/- बजेट विनियोजन गरी रु. ३२,६९,९४९/- खर्च गरेको छ । यसरी गरिएका अतिथि सत्कार लगायतका खर्चमा बील मात्र पेश भएकोमा सम्बन्धित बैठक र कार्यक्रमको माइन्युट पेश भएको पाइएन। पालिकाको आन्तरिक आय रू. १७,३८,०६,०००/- को तुलनामा उक्त खर्चमा १.८८ प्रतिशत खर्च भएको देखिन्छ। चालु प्रकृतिका खर्चमा नियन्त्रण गरी उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ।

२७ **खेलाडी बीमा खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ।पालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा तेश्रो मेयर रनिङ कप फुटबल प्रतियोगिताका खेलाडीको बिमा गरे वापत सिद्धार्थ प्रिमियम इन्स्युरेन्स लिमिटेड खैरहनी ८ पर्सालाई देहाय बमोजिमका भौचरबाट रकम भुक्तानी गरेको छ । यसरी जनताको आयआर्जन हुने र अधिकतम प्रतिफल हुने योजना संचालनमा बजेट खर्च गर्नुपर्नेमा सिमित व्यक्तिलाई प्रतिफल हुने गरी योजना

बनाएको उचित देखिएन । यसरी कार्यक्रम बनाउदा दिर्घकालिन प्रतिफल दिने र जीवनस्तर उकास्नमा सहयोग गर्नेमा कार्यालयको ध्यान गइ वितरणमुखी खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।

| गो. भौ . नं र मिति | विमित खेलाडी संख्या | बिमा रकम रु. | कैफियत |
|---|---|---|---|
| १७२- ०८१ / ०७ / ०२ | २३७ जना | ५३३४५ | वडा नं १, ३ , ४ , ५ , ६ , ७ , ८ , ९ , १० , ११ र १२ |
| २६५- ०८१ / ०८ / ०९ | २८ जना | १०८२० | वडा नं २ र १३ |
| | जम्मा | ६४१६५ | |

## २८ स्वास्थ्य बीमा कार्यक्रम

नगरपालिकाले विपन्न परिवार तथा लक्षित समूह स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७९ (संसोधन सहित) बनाई यस वर्ष विपन्न नागरिक, मिर्गौला रोग, कलेजो सिरोसिस बिरामीलाई स्वास्थ्य बिमामा अनुदान कार्यक्रम शिर्षकमा रु. ४,३५,०००/- बजेट विनियोजन गरी रु. ४,२७,०००/- खर्च गरेको छ । वडा समिति मार्फत सिफारिस भएकालाई खैरहनी नगरपालिकाको स्वास्थ्य बिमा सिफारिस समिति मार्फत छनौट गरी यस वर्ष १६४ वटा परिवारलाई स्वास्थ्य बिमा वापत स्वास्थ्य बिमा बोर्ड भरतपुरमा रकम भुक्तानी दिई अनुदान दिएको देखियो । कार्यविधिको दफा ५ को उपदफा १ मा भएको प्रावधान बमोजिम पालिकाका स्थायी बासिन्दा, विपन्न नागरिक अन्तरगतको स्वास्थ्य बिमा सेवा प्राप्त गर्न अनिवार्य रुपमा विपन्न परिचय पत्र प्राप्त भएको, महिला स्वास्थ्य स्वयमसेविकाको परिवार, अनुसूची २ बमोजिमका लक्षित समुहहरु, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट समान प्रकृतिको रोग लागेका बिरामीको हकमा अन्य आर्थिक सुविधा नलिएको बिरामी र निजको परिवार, नेपाल सरकारद्वारा उपलब्ध गराइएको कुनै किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको व्यक्ति, आफ्नो परिवारको नाममा कमाई खाने जग्गा नभएको, व्यवसाय तथा कुनै किसिमको रोजगारी (वैदेशिक रोजगारी समेत) नभएको, नेपाल सरकार वा मित्रराष्ट्रबाट पेन्सन सुविधा प्राप्त नगरेको परिवार समेट्नुपर्ने उल्लेख गरेकोमा उपदफामा उल्लिखित प्रावधान समेटिएको बारे यकिन हुन सकिएन । पालिकाले कार्यविधिमा उल्लिखित सम्पूर्ण प्रावधानको पूर्ण पालना गर्नुपर्ने देखिन्छ ।

## २९ विभिन्न वितरणमुखी कार्यक्रमहरु

२९.१ **वितरणमुखी कार्यक्रम** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले सङ्घीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वयन गर्नु पर्नेमा वितरणमुखी योजना र कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो। यस्तो योजना र कार्यक्रमहरु जसले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउनेमा ५० प्रतिशत अनुदानमा हिउदे जौँ घाँसको बिउ वितरण, जेष्ठ नागरिकलाई समर पोलार ब्लाङ्केट र दोसल्ला वितरण वडा नं ११, ५० प्रतिशत अनुदानमा स्पेयर टंकी वितरण, जेष्ठ नागरिकलाई मह, खादा र सम्मानपत्र वितरण वडा नं ४, सुत्केरी आमाको लागि पोषण तथा झुल वितरण लगायतमा खर्च लेखेकोमा यस्ता खर्चमा सुधार हुनु पर्दछ। केही उदाहरणहरु निम्नानुसार रहेका छन्।

| गो. भौ . नं . र मिति | कार्यक्रम | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| २४१- ०८१ / ०८ / ०२ | ५०% अनुदानमा हिउदे जैँ घाँसको बिउ वितरण | नबिन एग्रो सेन्टर | १६५०४६ | |
| २६०- ०८१ / ०८ / ०७ | जेष्ठ नागरिकलाई समर पोलार ब्लाङ्केट र दोसल्ला वितरण वडा नं ११ | स्लिप डोम इन्टरप्राइजेज र गणेश बस्त्रालय | ९९९०० | |
| ३६६- ०८१ / ०९ / २३ | ५०% अनुदानमा स्पेयर टंकी वितरण | नबिन एग्रो सेन्टर | १४४७५० | लागत अनुमान तयार नभएको |
| ४०८- ०८१ / १० / ०३ | जेष्ठ नागरिकलाई मह, खादा र सम्मानपत्र वितरण वडा नं ४ | विभिन्न फर्म | २५०००० | उ. स मार्फत कार्यक्रम |
| ४३८- ०८१ / १० / १३ | जेष्ठ नागरिकलाई ब्लाङ्केट, च्यावनप्राश वितरण | विभिन्न फर्म | ११९७९० | |
| ५०७- ०८१ / ११ / ११ | सुत्केरी आमाको लागि पोषण तथा झुल वितरण | विभिन्न फर्म | ९९९०० | |
| ५२४- ०८१ / ११ / १५ | ५०% अनुदानमा वडा नं ११ घाँसको बिउ वितरण कार्यक्रम | नबिन एग्रो सेन्टर | ३९९८५० | |
| ५७०- ०८१ / १२ / ०३ | ५०% अनुदानमा वर्षे घाँसको बिउ वितरण | श्री कंकाली माई एग्रो सप्लायर्स | ३८७१७५ | |
| ६५४- ०८१ / १२ / २९ | ७५% अनुदानमा कृषकलाई कृषि चुन वितरण | गायत्री इन्ट्रेड | २४४००० | लागत अनुमान तयार नभएको |
| ७१२- ०८२ / ०१ / २१ | वडा नं ८ एक गृहणी एक झोला कार्यक्रम | राधाकृष्ण ब्याग उद्योग | ५०००० | |

२९.२ **पर्व र सांस्कृतिक कार्यक्रम वापत भुक्तानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । उक्त ऐनले संस्था, समुह, मेला, पर्व, जात्रा, यात्रा, संस्कृति लगायतमा आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था गरेको देखिदैन । साथै ऐनको दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । कार्यालयले देहाय बमोजिमका विभिन्न पर्व र साँस्कृतिक कार्यक्रम संचालन गर्नका लागि स्वयम पालिका र वडा कार्यालयमार्फत र विभिन्न उपभोक्ता समिति, समूह, संस्थालाई तोकादेश, बजेट व्यवस्थामार्फत, नगरसभा र कार्यपालिकामा निर्णय गराएको आधारमा रकम भुक्तानी गरी खर्च गरेको छ। यसरी वितरित सहायता र भुक्तानी खर्चमा आवश्यक पर्ने मापदण्ड र कार्यविधि निर्माण गरेको छैन। यसरी कार्यालयले पूर्वाधार निर्माण तथा दिर्घकालिन पूँजि निर्माण हुने क्षेत्रमा केन्द्रित भइ वितरणमुखी खर्चमा नियन्त्रण गर्दै आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनु पर्दछ। केही उदाहरणहरु देहाय बमोजिमका छन् ।

| गो. भौ . नं र मिति | कार्यक्रम | संचालन गर्ने | रकम |
|---|---|---|---|
| ७०- ०८१ / ०५ / ३१ चालु | तीज विशेष कार्यक्रम | वडा नं ७ | ७५००० |
| ७४- ०८१ / ०६ / ०२ चालु | तीज विशेष कार्यक्रम | वडा नं १० | १००००० |
| ८२- ०८१ / ०६ / ०४ चालु | तीज विशेष कार्यक्रम | वडा नं ९ | ७८५०० |
| १०२- ०८१ / ०६ / ०८ चालु | तीज विशेष कार्यक्रम | वडा नं २ | ९७१९९ |
| ९- ०८१ / ०५ / २० कार्यसंचालन कोष | तीज विशेष कार्यक्रम | श्री कृष्ण टोल विकास संस्था वडा नं १ | ४०००० |
| १४- ०८१ / ०६ / २० कार्यसंचालन कोष | तीज विशेष कार्यक्रम | वडा नं ५ | ७५००० |
| १२- ०८१ / ०६ / १६ कार्यसंचालन कोष | जितिया पर्व विशेष कार्यक्रम | वडा नं ९ | ८६५०० |
| १३- ०८१ / ०६ / २० कार्यसंचालन कोष | जितिया पर्व विशेष कार्यक्रम | श्री नवदुर्गा बहेरा टोल विकास संस्था | ६०००० |
| १०५- ०८१ / ०६ / १० चालु | जितिया पर्व विशेष कार्यक्रम | वडा नं १० | १३०००० |
| १०६- ०८१ / ०६ / १० चालु | तीज र जितिया पर्व विशेष कार्यक्रम | वडा नं ६ | १९०००० |
| १०७- ०८१ / ०६ / १० चालु | तीज र जितिया पर्व विशेष कार्यक्रम | नगरपालिका | २०६४२० |
| २४६- ०८१ / ०८ / ०२ चालु | पर्सा दशैमेला २०८१ | युवा स्वर्ण तारा क्लब | २१०००० |
| ४५- ०८१ / १० / २१ कार्यसंचालन कोष | महोत्सव | तेश्रो खैरहनी महोत्सव वडा नं ८ | ३५००० |
| ३७७- ०८१ / ०९ / २३ चालु | एकादशी मेला | एकादशी मेला व्यवस्थापन तथा साँस्कृतिक कार्यक्रम उ. स | १००००० |
| ७७१- ०८२ / ०२ / १९ चालु | फगुवा प्रतियोगिता | फगुवा प्रतियोगिता उ. स | ८०००० |
| ४६१- ०८१ / १० / २४ चालु | सोनाम ल्होसार | सोनाम ल्होसार पर्व विशेष कार्यक्रम उ. स | ५०००० |

२९.३ **अवलोकन भ्रमण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले योजना छनौट गर्दा रोजगारी सृजना हुने, जनताको जीवनस्तर उठाउने, आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएका र पूर्वाधार विकासको योजनाहरुको छनौटमा ध्यान दिनु पर्दछ। पालिकाले सङ्घीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत पनि सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लिखित विषयहरुमा केन्द्रित भइ योजना कार्यान्वियन गर्नु पर्नेमा देहाय बमोजिमको अवलोकन भ्रमण गरेको देखियो । नगरपालिकाले खर्च संकेत नं २२६१९ लाई कार्यक्रम भ्रमण खर्च शिर्षक नाम दिइ यस वर्ष यस शिर्षकमा रु.४,५०,०००/- बजेट विनियोजन गरी खर्च गरेको देखियो । साथै अपुग रकम भ्रमण खर्च तथा दैनिक भ्रमण खर्च शिर्षक र ईन्धनबाट भुक्तानी भएको देखियो । यसरी एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक नं २२६१९ अन्य भ्रमण खर्चलाई सरकार वादी हुने मुद्धामा सरकारी पक्षमा साक्षीको रुपमा झिकाइएको व्यक्तिको भ्रमणसम्बन्धी खर्च साथै खर्च शिर्षक २२६११, २२६१२ र २२६१३ मा नपरेको कुनै व्यक्तिलाई प्रचलित कानुनको अधिनमा राखी भ्रमण भत्ता दिनु पर्ने भएमा त्यस्तो रकमलाई यस शिर्षकमा राख्ने उल्लेख गरेकोमा नगरपालिकाले पदाधिकारी र कर्मचारीको विभिन्न स्थानमा अवलोकन गर्न जादा भएको खर्चलाई यस शिर्षकबाट भुक्तानी गरेको देखिन्छ । यसरी पालिकाले खर्च संकेतमा उल्लिखित व्याख्याको प्रयोग गर्नुपर्ने देखिन्छ ।

| गो. भौ . नं र मिति | अवलोकनको व्यहोरा | भ्रमणको मिति | संख्या | स्थान | रकम |
|---|---|---|---|---|---|
| ६६४- ०८२ /०१/०२ | न्यायिक समिति सँग सम्बन्धित जनप्रतिनिधिहरुको अवलोकन भ्रमण | २०८१/ १२ / १६ - १२ / २२ | ३० जना | तनहुँ, कास्की , पर्वत , बाग्लुङ , ढोरपाटन , पाल्पा , बुटबल , लुम्बिनी , नवलपरासी | ३५४१३७ |
| ८२३- ०८२ /०३/०१ | कार्यपालिका सदस्यहरुको अध्ययन अवलोकन अनुभव आदान प्रदान | २०८२/ ०२ / ०८ - ०२ / १४ | १८ जना | तनहुँ, पोखरा , बेनी , मुस्ताङ , मुक्तिनाथ , बाग्लुङ , गोरखा , जिल्ला | ३१८८३० |
| जम्मा | | | | | ६७२९६७ |

३० **बरुणयन्त्र संचालन तथा व्यवस्थापन खर्च**

बरुणयन्त्र संचालन तथा व्यवस्थापन निर्देशिका, २०७६ मार्फत निर्देशित हुने गरी खैरहनी नगरपालिका, राप्ती नगरपालिका, कालिका नगरपालिका र रत्ननगर नगरपालिकाको संयुक्त लगानी र व्यवस्थापनमा १ थान बरुणयन्त्र संचालन भएको देखियो । यसरी बरुणयन्त्रको संचालनका लागि निर्देशिकाको दफा १२ मा लागत साझेदारीको व्यवस्था गरेकोमा खैरहनी नगरपालिकाले बरुणयन्त्र संचालन तथा व्यवस्थापन कोषको स्थापना गरी वार्षिक रुपमा खैरहनी नगरपालिकाबाट रु. ७ लाख र अन्य ३ वटा पालिकाबाट प्रति पालिका वार्षिक रु. ४ लाख उक्त कोषमा रकम जम्मा गर्नुपर्ने र सो रकमबाट बरुणयन्त्रका २ जना चालक र २ जना फायरम्यान गरी जम्मा ४ जना र सोको इन्धन र मर्मत खर्च व्यहोरिने जनाइएको छ । यसरी उक्त कोषमा राखीएको रकमबाट संचालन खर्च नपुगेमा खैरहनी नगरपालिकाको आन्तरिक स्रोतबाट रकम भुक्तानी भएको देखियो । राप्ती नगरपालिका बाट आ.व २०८१/८२ को वार्षिक बरुणयन्त्र संचालन र व्यवस्थापन वापतको रु. ४ लाख रकम खैरहनी नगरपालिकाको बरुणयन्त्र संचालन तथा व्यवस्थापन कोषमा जम्मा भएको देखिएन । यसरी लागत साझेदारीमा संचालित यस्ता योजनामा सम्पूर्ण पक्षले आ-आफ्नो लागत साझेदारी नगरेमा उक्त योजना संचालनमा प्रभाव पर्ने हुँदा सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

३१ **लोकसेवा कक्षा संचालन** (742-2082-01-26):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। खैरहनी नगरपालिका वडा नं ५ को स्वीकृत बजेट बाट व्यवस्था हुने गरी ४५ दिने लोकसेवा तयारी कक्षा संचालन (ना.सु प्रथम पत्र) गर्नका लागि खैरहनी वडा नं ८ मा अवस्थित लोकसेवा सारथी (पान नं १२९३७५९०८) सँग रु.९८,५००/- भुक्तानी हुने सर्तमा मिति २०८१/११/११ गते वडाद्वारा सम्झौता भएको छ । यसरी सम्झौताको बुँदा नं २ मा तालिममा १० जना महिलालाई सहभागी गराउने उल्लेख छ तर उक्त फर्मले पेश गरेको हाजिरी विवरणमा ११ जना प्रशिक्षार्थी मध्ये ५ जना पुरुष रहेको देखियो । यसरी महिलालाई लक्षित गरी संचालित कार्यक्रममा वडाबाट कुल प्रशिक्षार्थीमा ४५.४५ प्रतिशत पुरुष प्रशिक्षार्थीलाई छनौट गराइ संलग्न गराएको उपयुक्त देखिएन । कार्यक्रमबाट लक्षित वर्गले लाभ हासिल गरे नगरेको साथै छनौट प्रक्रिया नियमानुसार भए नभएको सन्दर्भमा आश्वस्त हुन सकिएन । यस तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

३२ **शिक्षातर्फ**

३२.१ **विद्यालयहरूको लेखापरीक्षण** - शिक्षा नियमावली, २०५९ को दफा १७१ मा विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष पालिकाबाट नियुक्त लेखापरीक्षकबाट तोकिएको समयमा विद्यालयको लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिका अन्तर्गत साधारण धारतर्फका २७ सामुदायिक विद्यालयमध्ये आ. व. २०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म कुनै पनि विद्यालयले लेखापरीक्षण गराएको छैन भने आ. व. २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन २ विद्यालयहरूले पेश गरेको पाइएन । पालिकाले विद्यालयहरूको लेखापरीक्षण समयमा सम्पन्न गर्न लगाई सो को प्रतिवेदन अभिलेखको रूपमा सुरक्षित राख्नुपर्दछ । विद्यालयको वित्तीय प्रतिवेदनमा निकासा गरिएको रकम समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरेको यकिन गर्नुपर्दछ । साथै वित्तीय विवरण विश्लेषण गरी रकम सदुपयोग भए/नभएको सुनिश्चित गर्नुपर्दछ ।

३२.२ **शैक्षिक गुणस्तर** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ मा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रूपमा अनुगमन गरी शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा प्रतिवेदन पठाउने र सोको कार्यान्वयन गरी विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्नुपर्ने व्यवस्था छ । शैक्षिक सत्र २०८१ मा पालिकाभित्रका ६ माध्यमिक विद्यालयहरूबाट ४०० विद्यार्थी माध्यमिक शिक्षा परीक्षामा सहभागी भएकोमा २१५ विद्यार्थी अर्थात् ५३.७५ प्रतिशत मात्र उत्तीर्ण भएको देखिन्छ । पालिकाले विद्यालयको शैक्षिक गुणस्तरबारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारका लागि मापदण्ड निर्धारण गर्नुपर्दछ ।

३२.३ **निजि विद्यालय व्यवस्थापन** - राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत यकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । पालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालन रहेको २१ निजी विद्यालयमा ९४८७ विद्यार्थी अध्ययनरत रहेकोमा शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको पाइएन । विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको नियमित अनुगमन गर्ने व्यवस्था मिलाउनुर्दछ ।

३२.४ **उच्च शिक्षा छात्रवृत्ति** – गो.भौ.नं र मिति – ९-०८२/०९/२९ विपन्न परिवार छात्रवृत्ति कोषमार्फत - खैरहनी नगरपालिकाले उच्च शिक्षामा छात्रवृत्ति वितरण गर्नका लागि उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९ बनाई कार्यविधिमा भएको व्यवस्था बमोजिम सार्वजनिक कलेज वा क्याम्पसमा स्नातक तहमा अध्ययनरत थारु, दलित, अपाङ्ग, अल्पसंख्यक तथा अति विपन्न परिवार भित्रका आर्थिक कमजोर भएका भुवानीशंकर कलेजका १३ जना छात्राहरुलाई उच्च शिक्षा छात्रवृत्ति व्यवस्थापन नगर स्तरीय समितिको मिति २०८२/०२/२२ को बैठक मार्फत निर्णय गरी भुवानीशंकर कलेजलाई रु.३,९६,६०३/- भुक्तानी गरेको देखियो । समितिको मिति २०८२/०२/२२ को बैठकको निर्णय नं २ मा प्रति विद्यार्थी लाग्ने वार्षिक शुल्कको ९० प्रतिशत रकम पालिकाबाट र १० प्रतिशत रकम सम्बन्धित शैक्षिक संस्थाबाट व्यहोर्ने उल्लेख भएको देखियो । यसरी १३ जना छात्राका लागि सम्बन्धित शैक्षिक संस्थाको खातामा एकमुष्ठ रकम गएकोमा सम्बन्धित शैक्षिक संस्थाबाट उक्त रकमको बील भर्पाइ पेश भएको देखिएन । साथै निर्णयमा भएको सम्बन्धित शैक्षिक संस्थाबाट व्यहोर्ने १० प्रतिशत रकम सम्बन्धित संस्थाले व्यहोरेको वा नव्यहोरेको सम्बन्धमा यकिन हुन सकिएन । यस सम्बन्धमा नगरपालिकाले अनुगमन गर्नुपर्ने देखिन्छ ।

३२.५ **निशुल्क पाठ्यपुस्तक** - शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.४.६.१ को उपक्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप निकासा दिनु पर्दछ । पालिकाले ७५ प्रतिशत रकम बराबर रु. २९,८३,९५६/- विद्यालयलाई निकासा दिएकोमा दोस्रो पटक विद्यालयहरूले खरिद गरी विद्यार्थीलाई वितरण गरेको आधारमा थप रु. ८,१०,३४८/- गरी जम्मा रु. ३७,९४,३०४/- निकासा दिएको छ । पाठ्यपुस्तक वितरणको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२.६ **शिक्षक विद्यार्थी अनुपात** - शिक्षा नियमावली, २०५९ को नियमा ७७ अनुसार सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी सङ्ख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः पचास, पैतालीस र चालीस हुनु पर्दछ । पालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरूमा कार्यरत प्रा.वि देखि मा.विसम्मका शिक्षकको सङ्ख्या २१७ रहेकोमा शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययन गर्ने विद्यार्थीहरूको सङ्ख्या इमिस तथ्याङ्क अनुसार ७१९९ रहेको विवरणबाट देखिन्छ ।

शिक्षा नियमावली तथा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ ले उल्लेख गरेको आधारमा शिक्षक विद्यार्थी अनुपातअनुसार शिक्षक दरबन्दी मिलान गरी शिक्षकहरूको व्यवस्थापन गर्नुपर्दछ ।

३२.७ **वडा कार्यालयमार्फत छात्रवृत्ति वितरण** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा खर्च प्रणालीमा एकरुपता ल्याई मितव्यीय र प्रभावकारी खर्च प्रणाली बनाउन खर्च गर्ने कार्यविधि र मापदण्ड तोक्ने व्यवस्था रहेको छ। नियमावली २०७७ को नियम ३९ को ५ मा कुनै पनि कार्यक्रममा खर्च गर्नु अघि कार्यविधि तथा मापदण्ड बमोजिम अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकामा रहेका १३ वटा वडाहरु मध्ये ३ वटा वडाले यस वर्ष विभिन्न तहमा अध्ययनरत विपन्न, दलित र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराएको देखियो । वडा मार्फत वितरित छात्रवृत्तिमा आवश्यक पर्ने कार्यविधि भने बनाएको पाइएन । यसरी कार्यविधि वेगर बजेट विनियोजन गरी छात्रवृत्ति उपलब्ध गराएको नियमानुसार देखिएन । वडागत रुपमा वितरित छात्रवृत्तिको रकम देहायबमोजिम रहेको छ ।

| गो.भौ.नं र मिति | वडा नं | विद्यार्थीको संख्या | अध्ययनरत तह | छात्रवृत्ति रकम | कैफियत |
|---|---|---|---|---|---|
| ६३०-०८१/१२/२० | वडा नं १३ | १८ जना | स्नातक तह | १९८००० | रु.११०००/- का दरले विद्यार्थीको खातामा गएको |
| ५२८-०८१/११/२० | वडा नं १३ | ५० जना | कक्षा ११ र १२ मा अध्ययनरत | ५००००० | माध्यामिक विद्यालय गवैको खातामा रकम भुक्तानी भएको (रु.९८००/- का दरले भर्पाई गराइएको) |
| ५५०-०८१/११/२६ | वडा नं १२ | ४१ जना | कक्षा ११ र १२ मा अध्ययनरत | ५००००० | कपिया मा.विको खातामा रकम भुक्तानी भएको (रु.१२२००/- का दरले भर्पाइ गराइएको) |

**क) वडा नं १३ मार्फत वितरित छात्रवृत्ति** - यसरी वडा नं १३ मार्फत वितरित छात्रवृत्तिमा वडामा स्नातक तहमा अध्ययरत १८ जना विद्यार्थीलाई जनही रु.११०००/- का दरले छात्रवृत्ति रकम विद्यार्थीको खातामा नै भुक्तानी भएको देखियो । वडाद्वारा छात्रवृत्ति वितरणका लागि आवश्यक कार्यविधि भने बनाइएको पाइएन । कार्यविधि निर्माण गरी छात्रवृत्ति वितरण गर्ने तर्फ समबन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

**ख) माध्यामिक विद्यालय गवै र कपिया मा.वि मार्फत वितरित छात्रवृत्ति** – उल्लिखित विद्यालयमार्फत वितरित छात्रवृत्तिमा पनि आवश्यक पर्ने कार्यविधि र मापदण्ड बनाएको देखिएन । यसका साथै उल्लिखित विद्यालयद्वारा वितरित छात्रवृत्तिको सम्बन्धमा विद्यालयमा नै रकम गएको देखियो । यसरी विद्यालयले उक्त रकम सम्बन्धित विद्यार्थीलाई भुक्तानी गरेको भनी भर्पाइ पेश गरे पनि उक्त रकम विद्यार्थीलाई वितरण नगरी विद्यालयले आफ्नो खातामा आम्दानी बाधी विद्यार्थीको भर्ना शुल्क, मासिक शुल्क र आन्तरिक परीक्षा शुल्कमा खर्च गरेको विद्यालयको भनाइ रहेको छ । बजेट विनियोजन गर्दा कक्षा ११ र १२ का विद्यार्थीलाई छात्रवृत्ति वापत भुक्तानी दिने भनी छुट्याएकोमा विद्यालयको खातामा रकम गएको सन्दर्भमा सो रकम सोही प्रयोजनमा खर्च भएको हो वा होइन सोमा आश्वस्त हुन सकिएन । यसरी सम्बन्धित निकायबाट विनियोजित बजेट सोही प्रयोजनमा खर्च भएको हो वा होइन सो को अनुगमन हुनुपर्ने देखिन्छ । साथै आवश्यक मापदण्ड र कार्यविधि मार्फत कार्यक्रम संचालन गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ ।

३२.८ **दिवा खाजा** - पालिकाले यस वर्ष दिवा खाजावापत शिशु कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत ४३६८ विद्यार्थीको लागि सामुदायिक विद्यालयहरूलाई ८ पटकमा रु. १ करोड ५ लाख ३८ हजार १२२ अनुदान निकासा गरेको देखिन्छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६ अनुसार दिवा खाजा कार्यक्रम कार्यान्वयनको अनुगमन सम्बन्धी निर्देशन तयार गर्ने र सो अनुसार अनुगमन गर्ने गराउने जिम्मेवारी स्थानीय तहको हुने उल्लेख छ । पालिकाले दिवा खाजाको सम्बन्धमा अनुगमन गरी विद्यालय अवधिको विद्यार्थीको उपस्थिति दर, सिकाइको अवस्था, भौतिक, आर्थिक आदि विवरणको रजिष्टर र अनुगमन पुस्तिका

राखे नराखेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन अभिलेखको रुपमा राखेको पाइएन । दिवा खाजाको लागि ४ वडाले थप रु. ११ लाख ६५ हजार अनुदान दिएको देखिएकोमा विद्यार्थी हाजिरी पेश भएन ।

३२.९ **प्रति विद्यार्थी लागत** - कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ अनुसार विद्यालय शिक्षामा हाल भइरहेको लगानीका आधारमा स्थानीय तहभित्र विद्यालयगत र स्थानीय तहको प्रति विद्यार्थी लागत यकिन गर्नुपर्नेमा पालिकाले सोको अभिलेख राखेको पाइएन । लेखापरीक्षणको लागि उक्त विवरण माग गरिएकोमा शिक्षा शाखाबाट उपलब्ध गराएको विवरणअनुसार आर्थिक वर्ष २०८१।८२ मा पालिकाभित्र सञ्चालनमा रहेका ७६ सामुदायिक विद्यालयहरूमा ७१९९ विद्यार्थी रहेकोमा ती विद्यालयहरूमा विभिन्न शिर्षकमा रु. २१,०५,३५,२५०/- निकासा खर्च भएको देखिन्छ जसबाट प्रति विद्यार्थी खर्च (Per student spending) रु. २९ हजार २०० भन्दा बढी हुन जान्छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रले तयार गरेको विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८० अनुसार पालिकाबाट हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्व लगायतका आधारमा विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने एवं सबै बालबालिकालाई विद्यालयमा शिक्षामा भर्नाको सुनिश्चितता गर्न वैकल्पिक कार्यक्रम सञ्चालन गर्ने लगायतका आधारमा विद्यालय नक्साङ्कन गर्ने कार्य गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२.१० **स्थानीय पाठ्यपुस्तक तयारी (१५२।२०८१।१०।०७)** - नगरपालिकाको स्थानीय पाठ्यपुस्तक तयारीको लागि साभ नेपाल प्रा.लि. (SAAV Nepal Pvt Ltd) लाई रु. ७,९५,५२०/- भुक्तानी दिएकोमा देखिएका बेहोरा निम्न रहेका छन् ।

उक्त फर्मलाई सम्झौता गर्दा विज्ञको रूपमा पुस्तक तयारी गर्ने व्यक्तिको बायोडाटा पेश गरेको पाइएन ।

उक्त फर्मले तयार गरी पेश गरेको पुस्तक अन्तिम छपाइको लागि उपयुक्त नभएको कारण शिक्षा शाखाबाट विस्तृत सम्पादन भएको देखिन्छ । कक्षा ७ को पुस्तक १३४ पानाको पेश भएकोमा सम्पादन भई ९४ पेज कायम भएको पाइयो । उक्त फर्मलाई पुरा काम नगराइ भुक्तानी दिएको उपयुक्त देखिएन ।

प्रा.वि. तहको १०० पूर्णाङ्कको पाठ्यपुस्तक तयारीको लागि अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्सअनुसार रु. १ लाख र नि.मा.वि. तहको लागि रु. १ लाख ५० हजार मात्र खर्च गर्न सकिने व्यवस्था रहेको देखिन्छ । उक्त दरअनुसार रु. ६ लाख ५० हजार मात्र खर्च गर्न सकिनेमा पालिकाले सम्झौता गरी रु. १ लाख ४५ हजार ५२० बढी भुक्तानी दिएको बढी व्ययभार परेको रु.

| | |
|---|---|
| अनियमित भएको | १,४५,५२० |

३२.११ **स्यानिटरी प्याड व्यवस्थापन (२०४।२०८२।०३।२५)** - पालिकाले आ. व. २०८१।८२ मा सामुदायिक विद्यालयका छात्राहरुलाई नि:शुल्क सेनेटरी प्याड व्यवस्थापन गर्न लाईफ केयर स्यानिटरी एन्ड न्यापकिन उद्योग एन्ड सप्लायर्सबाट रु. ७,८९,९८७ मा २१,७०० प्याकेट स्यानेटरी प्याड खरिद गरेको देखिन्छ । पालिकाले मिति २०८१।०९।२१ मा सेनेटरी प्याड खरिद गर्ने निर्णय गरी चैत्रमा खरिद प्रक्रिया सुरु गरेकोमा असारमा मात्र खरिद सम्पन्न भएको देखिन्छ । असारमा खरिद गरेको उक्त सामग्री समयमै विद्यालयमा वितरण नगरेकोले भदौ महिनामा पालिकाको स्टोरमा जलेर नष्ट भएको प्रतिवेदन पेस भएको छ । विद्यालयमा छात्राहरूलाई वितरण गर्न खरिद गरेको सामग्री वितरण नगरी स्टोरमा रहँदा नस्ट भएकोले छात्राहरूलाई सेनेटरी प्याड उपलब्ध गराएको पाइएन ।

३२.१२ **विद्यालय कोषको रकम सहकारी संस्थामा** - विद्यालय लेखाङ्कन दिग्दर्शन, २०७६ को बुँदा नं. २.३ अनुसार विद्यालयमा हुने सबै प्रकारका कोषको कारोबार बैंकमा खाता खोली गर्नुपर्ने उल्लेख छ । पालिकाभित्र सञ्चालनमा रहेका निम्न विद्यालयले सहकारी संस्थामा खाता सञ्चालन गरी आर्थिक कारोबार गरेको पाइयो । यसरी विद्यालयहरूको बचत रकम सहकारी संस्थामा निक्षेप राख्नाले विद्यालय कोषको रकम जोखिममा परेको देखिन्छ । नमुना छनोट गरी परीक्षण गर्दा निम्न ५ विद्यालयको रु. २१ लाख ३८ हजारभन्दा बढी रकम सहकारी संस्थामा राखी कारोबार गरेको अवस्था देखिन्छ । विद्यालयको सम्पूर्ण आम्दानी तथा खर्चको कारोबार अनिवार्य रूपमा बैंक खातामार्फत गर्नुपर्दछ ।

| विद्यालयको नाम र ठेगाना | निक्षेप राखेको सहकारी संस्थाको नाम | खाताको प्रकार | २०८०।८१ असार मसान्तको मौज्दात रकम |
|---|---|---|---|
| श्री आधारभूत विद्यालय, वैरहनी | निलगिरी सहकारी | मुद्दती | १३००००० |
| श्री राष्ट्रिय आवि, सलौली | पचरती बचत तथा ऋण सहकारी | मुद्दती | ७३७५६ |
| श्री राष्ट्रिय आवि, सलौली | साना किसान सहकारी | मुद्दती | २५००० |
| श्री धर्मेश्वर आवि | साना किसान सहकारी | चल्ती | १९३२८० |
| श्री कपिया मावि | साना किसान सहकारी सं | चल्ती | २५९६६८ |
| श्री कपिया मावि | साना किसान सहकारी सं | चल्ती | १४४१ |
| श्री कपिया मावि | साना किसान सहकारी सं | चल्ती | १०९० |
| श्री राष्ट्रिय आवि, जनकपुर | साना किसान सहकारी सं | चल्ती | २६८७९१ |
| श्री राष्ट्रिय आवि, जनकपुर | साना किसान सहकारी सं | चल्ती | १५२२० |
| **जम्मा** | | | **२१३८२४६** |

आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन पेश हुन नसकेकोले २०८०।८१ को पेश भएको आधारमा विवरण राखिएको छ ।

३३ **स्वास्थ्यतर्फ**

**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान सोझै खरिद गर्न सकिने तथा वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको औषधीजन्य मालसामान वा उपकरणको खरिद गर्नुपर्ने भएमा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । औषधी खरिद सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन् ।

**(क) माग विश्लेषण** - पालिकामा औषधी खरिदको लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गत आर्थिक वर्षमा खपत भएको औषधी परिमाणको आधारमा पालिकाले औषधीको परिमाण निर्धारण गर्नुपर्दछ । लागत अनुमान गर्दा आवश्यक परिमाणको विश्लेषण गर्दा विगत वर्षको विरामी संस्था र खपत परिमाण समेत उल्लेख गरी पालिकाले विश्लेषण गरेको छैन । पालिकाले आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद गर्न ठेक्कामार्फत मा गुडलक सर्जिकल एन्ड डेन्टल ट्रेड प्रा.लि.बाट रु. १५,७६,२६६/- को औषधी खरिद गरेको देखिन्छ । आवश्यक्ताको निर्धारण आर्थिक वर्ष अनुसार खपत परिमाण र खरिदबीच सन्तुलन कायम भएको छैन । यसले गर्दा खरिद प्रकृयाबाट प्राप्त सम्पूर्ण औषधी उपयोग हुने सम्वन्धमा यकिन गर्न सक्ने अवस्था छैन ।

**(ख) निरीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ अनुसार आपूर्ति गरिएका औषधी स्पेसिफिकेसन तथा गुणस्तर बमोजिको भए नभएको निरीक्षण गरी (Post delivery inspection) प्रतिवेदन राखेको पाइएन । खरिद गरिएका औषधी डव्लु.एच.ओ. जिएमपि सर्टिफाइड हुनुपर्नेमा सो को प्रमाण पेश भएन । औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राखेको पाइएन । साथै जिन्सी किताबमा प्राप्त औषधीको आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रूपमा आम्दानी बाँधेको देखिएन । औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको देखियो । तसर्थ औषधीको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको/नभएको सम्बन्धमा यकिन गरी हस्तान्तरणको अभिलेख राख्नुपर्दछ ।

३४ **कृषि तथा पशुतर्फ**

३४.१

**सहकारी ट्याक्टर अनुदान** - पालिकाले कृषि सहकारीलाई आर्थिक वर्ष २०८१।८२ मा ५० प्रतिशत अनुदानमा ट्याकटर खरिद अनुदान दिन ५० लाख विनियोजन गरी सूचना आव्हान गरेकोमा ५ वटा सहकारीले फर्म दर्ता गरेको आधारमा रू. ७२,६०,०००।०० को लागत अनुमान तयार गरी बोलपत्र गरेकोमा सबै भन्दा कम कबोल गर्ने रत्न अटो बाट रू. ५९,७०,२००।०० मा ४ वटा ट्याक्टर, ४ वटा टोटाभेटर र ४ वटा फर्मा ट्याक्टर खरिद गरी सहकारीलाई हस्तान्तरण गरेको देखिन्छ । नगरपालिकाले कृषि सहकारीलाई ट्याक्टर खरिदमा अनुदान प्रदान गर्दा जनतालाई प्रत्यक्ष लाभ हुने व्यवस्था सुनिश्चित गर्न आवश्यक देखिन्छ । त्यसका लागि सहकारीसँग स्पष्ट कार्यविधि वा सम्झौता शर्त तयार गरी ट्याक्टर प्रयोग गर्दा किसानले न्यूनतम शुल्कमा सेवा पाउने, प्रयोग तालिका सार्वजनिक गर्ने, प्राथमिकता निर्धारण गर्ने, तथा पालिकाले नियमित अनुगमन गर्ने व्यवस्था राख्नुपर्छ ।

३४.२ कृषि क्षेत्रको रूपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्द्धन लगायत कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान कार्यक्रममार्फत विभिन्न व्यक्ति तथा समूहलाई अनुदान प्रदान गरिएको देखिन्छ । यस्ता कार्यक्रम सङ्घीय, प्रदेश तथा स्थानीय तहको स्रोत साधन समावेश गरी सञ्चालन गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट विभिन्न नीति, कार्यविधि तथा निर्देशिका तर्जुमा गरिएको छ । सो बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण गर्ने वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिका मार्फत विभिन्न कृषि समूह, सहकारी तथा फर्मलाई अनुदान खर्च भएको देखिन्छ । पालिकाले यस्ता अनुदानका कार्यक्रममा विगत वर्षमा प्रवाह गरेको अनुदानको अभिलेख अद्यावधिक गरी अभिलेख राखेको नपाइएकोले अनुदानमा दोहोरो भए नभएको सम्बन्धमा यकिन गर्न सकिएन । यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न अनुदान प्राप्त गर्ने कृषकहरूको नाम, ठेगाना, अनुदानको किसिम तथा रकम जस्ता विवरण समावेश गरी वेबसाइटमार्फत सार्वजनिक गर्न आवश्यक छ । केही अनुदान ग्राहीको विवरण तल दिएको छ ।

| भौ नं | मिति | कार्यक्रम | कृषक, कृषि समूह | अनुदान रकम |
|---|---|---|---|---|
| १०५ | २०८१।०२।०६ | आलु पकेट विकास कार्यक्रम | मौलिक आलु पकेट समन्वय समिति | ११९४९७५ |
| १४४ | २०८२।०१।२९ | माछा पालन प्रवर्द्धन कार्यक्रम | चौधरी फिस एन्ड एग्रिकल्चर फर्म | ४८३२३६ |
| १५१ | २०८२।०३।०१ | उन्नत बीउ | साना किसान कृषि सहकारी संस्था | ६९५१३७ |
| ३९ | २०८२।०२।२३ | च्याउ खेती प्रवर्द्धन | मिलीजुली एकीकृत कृषि फर्म प्रा.लि. | ८००००० |

## ३५ खरिद योजना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार वार्षिक १० लाख रुपैयाँ भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद योजनामा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस आर्थिक वर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनका लागि नियमावलीको पालना गरी वार्षिक खरिद योजना तयार गर्नेर्फ ध्यान दिनुपर्दछ ।

## ३६ लागत अनुमान

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ।यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य उपयुक्त देखिदैन। अतः कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको व्यवस्था पालना गर्नुपर्दछ । केही उदाहरण निम्न छन् ।

| भौचर नं. र मिति | समानको नाम | भुक्तानी रकम | सप्लायर्स |
|---|---|---|---|
| २१४।२०८१।११।२६ | फर्निचर तथा फिक्चर्स खरिद | ९२२९८४ | फर्निचर वर्ल |
| २६८।२०८२।१।८ | मेशिनरी तथा औजार खरिद | ८६३५९१ | सिफ्ट आइ टी हव |
| २८८।२०८२।१।२१ | वडा कार्यालय फर्निचर व्यवस्थापन | ५७८६८६ | शुभाशिष इन्टरप्राइजेज |

३७ **नीतिले तोकेको भन्दा वढी रकमको उपभोक्ता समिति मार्फत खरिद**

खैरहनी नगरपालिकाको निर्णय अनुसार रु. २० लाख भन्दा बढीको निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्ने भन्ने निर्णय गरेको देखिन्छ । पालिकाले चालु आर्थिक वर्षमा पालिकाले गरेको निर्णय भन्दा बढीको काम जनकपुर जल उपभोक्ता समितिबाट गराई भौचर नं ३४३। २०८२।२।२७ बाट रू. ४१,९६,१६१।०० भुक्तानी गरेको देखिन्छ । पालिकाले नगरपालिका निर्णय कार्यान्वियन नगरी कार्य गरेको उचित देखिएन । पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

३८ **जन श्रमदान**

नगरपालिकाले उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा उपभोक्ता समितिको कति प्रतिशत श्रमदान हुने भन्ने निर्णय गरेको अभिलेख लेखापरीक्षणको समयमा उपलब्ध भएन । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा उपभोक्ता समितिबाट गराएको कार्यका फाईल परीक्षण गर्दा १० देखि १५ प्रतिशत सम्म श्रमदान गरेको देखिन्छ । पालिकाले उपभोक्ता समितिबाट कार्य गराउदा श्रमदानको अंश कति रहने नगरपालिकाको निर्णय गरी कार्य गराउनु पर्दछ ।

३९ **पुँजीगत शिर्षकबाट चालु खर्च**

नगरपालिकाको पन्ध्रौ नगर सभाले कुल रु. १ अर्व १ करोड ५४ लाख विनियोजन गरी चालुमा रु. ४९ करोड ८० लाख ( ४९.०४ प्रँतिशत ) र पुँजीगतमा रु. ५१ करोड ६६ लाख (५०.९५ प्रतिशत ) विनियोजन गरेको देखिन्छ । पालिकाले विनियोजन गरे अनुसार पुँजीगत शिर्षकको खर्च पुँजिगत प्रकृतिका कार्यमा खर्च गर्नुपर्दछ । पालिकाको श्रेस्ता परीक्षण गर्दा निम्न अनुसार चालु प्रकृतिको खर्च पुँजीगत शिर्षकमा खर्च लेखेको छ । पुँजिगत शिर्षककबाट चालु प्रकृतिका खर्च गर्ने कार्यमा सुधार गर्नुपर्छ । केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| भौचर नं र मिति | कार्यक्रमको नाम | भूक्तानी पाउनेको विवरण | रकम |
|---|---|---|---|
| ८।२०८१।५।२ | स्वास्थ्य शाखा लागि इन्धन खर्च | न्यू श्रीराम जानकी | ३०१२०७ |
| १६।२०८१।५।६ | विपद व्यवस्थापन सहायता | ५ जना | ५२००० |
| १७।२०८१।५।६ | सार्वजनिक सुनुवाई कार्यक्रम | तेस्रो त्रैङ्गँसीङ्क | ७५००० |
| १८।२०८१।५।६ | फोहोर मैला व्यवस्थापन | सफा उर्जा उत्पादन तथा वायो अर्गानिक फर्टिलाईजर | १०९८३८० |
| १९।२०८१।५।९ | अनुगमन भत्ता | १३ जना | ११६००० |
| २०।२०८१।५।९ | स्वास्थ्य शाखा लागि इन्धन खर्च | न्यू श्रीराम जानकी | १७५३८७ |
| २४।२०८१।५।९ | मेशिनरी औजार मर्मत | शुभ ईन्ड्राटायल ईन्टर्राइजेज | ७९९९९ |
| २५।२०८१।५।९ | मेशिनरी औजार मर्मत | शुभ ईन्ड्राटायल ईन्टर्राइजेज | ८३८७६ |
| ३१।२०८१।५।९ | मेशिनरी औजार मर्मत | शुभ ईन्ड्राटायल ईन्टर्राइजेज | १३५३१० |
| ४१।२०८१।६।४ | कार्यालय तथा मसलन्द खरिद | सल्लाघारी ईन्टरप्राइजेज | ३९९००० |
| ४६।२०८१।६।१४ | विभिन्न समितिको बैठक | रविन्द्र प्रसाद देवकोटा | १५५००० |
| ४९।२०८१।६।१४ | स्टेशनरी खर्च | विभिन्न | २७३२० |
| ४९।२०८१।६।१४ | मेलमिलमप कृषि फर्म | कृषि अनुदान | १६११८९ |
| ३६२।२०८२।३।१ | कंकाली मा वि कक्षा ९ र १० अतिरक्त कक्षा संचालन | कक्षा संचालन तलव तथा खर्च | ८७३०० |

४० **उपभोक्ता समितिबाट मालसामान खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ को (क) मा सार्वजनिक निकाय प्रमुखले कुनै माल समान वा सेवा खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिम स्पेशिफिकेशन ,योजना नक्शा डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गरी ऐनको दफा ८ बमोजिम विधि यकिन गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्न कार्यमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट खरिद गराएको देखिन्छ । खरिद नियमावलीमा उल्लेख भए बमोजिम निर्माण कार्य मात्र उपभोक्ता समितिमार्फत गराउनुपर्नेमा खरिद प्रकृतिका कार्य उपभोक्ता समितिबाट गराएको देखिएको एवं खरिद गरिएका सामग्रीहरु गुणस्तर परिक्षण समेत गरेको देखिएन । नगरपालिकाले यसरी नियमावलीको पालना नगरी उपभोक्ता समितिबाट खरिदको कार्य गराएको नियमसंगत नदेखिएको रू

| भौचर नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| ९६।२०८१८।९ | वडा भरीका पोलमा लाईट जडान | वडा भरीका पोलमा लाईट जडान उ. स. ६ | १०००००० | खरिद प्रकृतिको काम २६२ थान वारेन्टी कार्ड नभएको |
| १४।२०८१।५।६ | खुला व्यायाशाला निर्माण समान खरिद | खुला व्यायाशाला निर्माण उ .स. १२ | ६१९००० | |
| ३३।२०८१।५।६ | खुला व्यायाशाला निर्माण समान खरिद | खुला व्यायाशाला निर्माण उ. स. ३ | ६०७००० | |
| १९०।२०८१। ११।५ | पोलमा लाईट जडान | पोलमा लाईट जडान उ. स. | १५०००० | |
| २२३।२०८१। ११।२१ | राष्ट्रिय आ वि रिक्सा खरिद | ई रिक्सा खरिद उ .स. | ४५०००० | |
| **जम्मा** | | | **२८२६०००** | |

| अनियमित भएको | २८,२६,००० |
|---|---|

## ४१ मूल्य अभिवृद्धि कर

मूल्य अभिवद्धि कर ऐन, २०५२ को दफा १४ र आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा उल्लिखित भएका वस्तु, सेवा तथा परामर्शमा नियमानुसार मु.अ कर कट्टी गर्नुपर्ने उल्लेख छ । यसरी मूल्य अभिवृद्धि कर लाग्ने वस्तु, सेवा तथा परामर्शमा ऐनमा भएको व्यवस्था बमोजिम कर वीजक पेश गर्ने र कर बिजक पेश नभई टुक्रे वीजक पेश भएमा नियमानुसार १५ प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयबाट संचालित देहाय बमोजिमका सीप विकास तालिममा सीप विकास प्रदायकले निमयानुसार भ्याट बील पेश नगरी टुक्रे बील पेश गरेकोमा उक्त बीलमा १.५% मात्र अग्रीम कर कट्टा गरेको पाइयो । नियमानुसार भ्याट बील पेश नगरेकोले १५ प्रतिशत रकम अग्रीम कर कट्टी गरी सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| गो. भौ . नं र मिति | तालिमको विवरण | फर्मको नाम | रकम | मु. अ . कर वापतको रकम |
|---|---|---|---|---|
| १०१६ - २०८२ / ०३ / २४ | वडा नं ४ बाट २८ जनालाई हलुका सवारी चालक ड्राइभिङ्ग तालिम | एम. टि . ड्राइभिङ्ग सेन्टर ( ११०४८३३३९ ) | १९९५०० | २५९३५ |

| असुल गर्नुपर्ने | २५,९३५ |
|---|---|

## ४२ नापी किताव

निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापी कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फाराम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयबाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्युटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो। उक्त लुज सिटहरु एकीकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुज सिटमा राख्दा निर्माण कार्यको अभिलेख एकीकृत रुपमा नराखेको कारण परीक्षण तथा मूल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ। साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखी सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस वर्ष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरीक्षणको क्रममा गत आर्थिक वर्षका नापी किताब भुक्तानी विवरण लेखापरीक्षाणको क्रममा पेश नभएकोले जोडजम्मा भिडान गर्न सकिएन। अतः कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकीकृत गरी राख्नु पर्ने देखिन्छ।

४३ **उपभोक्ता समिति/लाभग्राही समुहमार्फत खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति/लाभग्राही समुदायबाट काम गराउने व्यवस्था छ। नियममा उपभोक्ता समितिले आफु बसोबास गरेको स्थानमा आवश्यकताको आधारमा निर्माण कार्य वा सो सम्बन्धी सेवा मात्र गर्न पाउने तर मालसामान मात्र खरिद गर्न र तालिम संचालन गर्न उपभोक्ता समिति गठन गर्न पाउने देखिदैन। पालिकाले विभिन्न तालिम कार्यक्रम संचालन गर्न र विभिन्न सामाग्री खरिदका लागि मात्र उपभोक्ता समिति गठन गरी भुक्तानी दिएको देखिएकोले नियमावली भएको व्यवस्थाको पालना भएको नदेखिएकोले अनियमित भएको रु.

| गो.भौ.नं/मिति | उपभोक्ता समितिको नाम | फर्मको नाम | सामाग्रीको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|---|
| मालसामान खरिद गर्न गठित उपभोक्ता समिति | | | | | |
| ६००- ०८१ / १२ / ११ चालु | नागरिक आरोग्य सेवा केन्द्र औषधी खरिद उ. स १२ | सुशान्त आयुर्वेदिक औषधालय | आयुर्वेदिक औषधीहरु खरिद | २०००००० | लागत अनुमान तयार नभएको, केन्द्रले पाम्समा दाखिला नगरी Manual दाखिला गरेको । |
| १५२- ०८१ / ०६ / १६ चालु | मौरीपालन कृषकका लागि चिनी र चास्नी वितरण उ. स | न्यू नवदुर्गा ट्रेडर्स | चिनी ६५० के. जी खरिद | ५०००० | |
| ३५३- ०८१ / ०९ / २९ चालु | तेकान्दो खेलको लागि सामाग्री खरिद उ. स | श्रेष्ठ फर्निसिङ्ग | पि भि सि म्याट ३२ पिस खरिद | ७१९९९ | |
| ५६६- ०८१ / १२ / ०३ चालु | तरकारी खेती प्रवर्धन ५० प्रतिशत अनुदान उ. स - १ | विभिन्न ४ वटा फर्म | प्लाष्टिक हजारी, ब्याट्रि स्पेयर , कोकोपिट र नर्सरी ट्रे खरिद | ३९४४७१ | लागत अनुमान तयार नभएको । |
| ४- ०८१ / ०८ / २८ कार्यसंचालन कोष | हरियाली भूमिगत जल उपभोक्ता समूहमा मोटर खरिद - ३ | न्यू श्रेष्ठ इलेक्ट्रिक वर्कशप | १५ HP समरसिबल मोटर पम्प १ थान लोरिङ्ग सहित | १९२४९९ | |
| ७७- ०८२ / ०१ / ०३ कार्यसंचालन कोष | रामकोला हाम्रो क्लबलाई दराई समूदायको संस्कृति झल्कने खालको गरगहना तथा आवश्यक सामाग्री खरिद उ. स | जय मा कालिका सुन चाँदी पसल र प्रिन्सी एण्ड प्रिन्सीका ब्यूटी शप | चाँदीको झुम्का २९९६ ग्राम र हार माला ३७ वटा | ११७२०० | |
| ९६- ०८२ / ०१ / २६ कार्यसंचालन कोष | सिम्रहनी आमा समूह – समूह परिचालनका लागि सामाग्री खरिद उ . स | रोशनी फर्निचर एण्ड हार्डवेयर | चियर ७४ पिस | ५०००० | |
| ११५- ०८२ / ०३ / १२ कार्यसंचालन कोष | हर्नरी आमा समूह – समूह परिचालनका लागि सामाग्री खरिद उ . स - १३ | फर्निचर वर्ल्ड | प्लास्टिक कुर्सी ७४ थान | ५९७८८ | |
| ११८- ०८२ / ०३ / १३ कार्यसंचालन कोष | हर्नरी चौधरी समूह – समूह परिचालनका लागि सामाग्री खरिद उ . स | आभास गिफ्ट एण्ड किचन हाउस | विभिन्न भाडाँकुडा खरिद | ४९१०८ | |
| १०७- ०८२ / ०२ / २९ कार्यसंचालन कोष | दुर्गामाता आमा समूह – समूह परिचालनका लागि सामाग्री खरिद उ . स | विभिन्न ३ वटा फर्म | स्ट्यान्ड फयान, चियर , weighting machine खरिद | ५०००० | |
| १०९- ०८२ / ०३ / ०२ कार्यसंचालन कोष | सिद्धार्थ टोल विकास संस्था अन्तर्गत क्याम्पस चौरमा संचालन हुने भलिबल प्रतियोगिता तथा साँस्कृतिक कार्यक्रम उ. स | विभिन्न फर्म | खेलकुद सामाग्री खरिद | ५१००० | |
| ५४- ०८१ / ११ / २५ कार्यसंचालन कोष | शहिद लखन मिनि मगर आमा समूह जातिय पोशाक खरिद ४ | शतुद वस्त्रालय | विभिन्न पोशाक खरिद | १३०००० | |
| १४६- ०८२ / ०३ / २५ कार्यसंचालन कोष | खैरहनी वडा नं २ मा रहेको नेवा मंका पुच गुठी संस्थाको लागि बाध्य वादन सामाग्री खरिद उ. स | नविन भाडा पसल | विभिन्न बाध्य वादन सामाग्री खरिद | ४८२०५ | |
| खरिद उपभोक्ता समिति मार्फत | | | | १४६४२७० | |
| तालिम संचालनका लागि गठित उपभोक्ता समिति | | | | | |
| गो. भौ . नं र मिति | उपभोक्ता समितिको नाम | तालिम कार्यक्रम | उपस्थित संख्या | रकम | तालिमको अवधि |

| | | | | | |
|---|---|---|---|---|---|
| ६७३- ०८२ / ०१ / ०८ | मेलमिलाप प्रकृया अनुभव आदानप्रदान श्रव्यदृश्य सहितको तालिम उ. स | मेलमिलाप प्रकृया अनुभव आदानप्रदान तालिम वडा नं १० | ५० जना | ११०२०० | ३ दिने तालिम |
| ८७३- ०८२ / ०३ / १३ | आधारभूत व्यूटिसियन तालिम उ. स | आधारभूत व्यूटिसियन तालिम वडा नं ६ | २५ जना | २००००० | २ महिना |
| ७४०- ०८२ / ०१ / २६ | महिला लक्षित सम्बन्धी तालिम उ. स | उद्घोषण तालिम वडा नं ११ | २८ जना | १३४००० | ५ दिने |
| तालिम कार्यक्रम उपभोक्ता समिति मार्फत | | | | ४४४२०० | |
| जम्मा | | | | १९०८४७० | |

| | |
|---|---|
| अनियमित भएको | १९,०८,४७० |

४४ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमानको व्यवस्था गरिएको छ। सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धीत मालसामानको स्पेशिफिकेशनको अधिनमा राखी तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कार्यालयका लागि आवश्यक मालसामानको सोझै खरिद गर्दा नियमावलीमा भएको व्यवस्था बमोजिम लागत अनुमान तयार गरेको छैन। तीन वटा फर्मको कोटेशन राखी सबैभन्दा घटी कबोल गर्नेसँग सामान खरिद गरेको देखियो। यसरी नियमावलीमा भएको व्यवस्थाको पालना गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। केही उदाहरणहरु देहाय बमोजिम रहेका छन्।

| गो. भौ . नं / मिति | फर्मको नाम | सामग्रीको विवरण | रकम | कैफियत |
|---|---|---|---|---|
| ११५- ०८१ / ०६ / १४ | मनकामना छापाखाना | नगर विकास योजना छपाई र स्पाइरल डायरी छपाई | ५९७९९६ | |
| ६००- ०८१ / १२ / ११ | सुशान्त आयुर्वेदिक औषधालय | आयुर्वेदिक औषधीहरु खरिद | २००००० | नागरिक आरोग्य सेवा केन्द्र औषधी खरिद उ. स १२ मार्फत |
| ५६६- ०८१ / १२ / ०३ | विभिन्न ४ वटा फर्म | प्लाष्टिक हजारी, ब्याट्रि स्पेयर , कोकोपिट र नर्सरी ट्रे खरिद | ३९४४७१ | तरकारी खेती प्रवर्धन ५० प्रतिशत अनुदान उ. स - १ |
| ४७१- ०८१ / १० / २८ | क्रप प्रो. टेक नेपाल | विभिन्न २४ प्रकारका कृषि विषादी खरिद | ४९९५९७ | |
| ८०८- ०८२ / ०२ / २८ | महाशक्ति इन्टरप्राइजेज | विभिन्न फर्निचर खरिद | ५६९७७४ | उद्योग वाणिज्य संघ खैरहनीका लागि खरिद |

४५ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२२** को निर्णयले रू **१०,१७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **उपभोक्ताको काम**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृदि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययिता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरीवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधि सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने

उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना निर्माण, सडक पिच, नाला निर्माण, सडक ढलान सडक वत्ति जडान ओपन व्यायामशाला निर्माण र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको बिल भरपाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले यसमा पालिकाले सुधार गर्न आवश्यक देखिएको छ । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ। केही उदाहरण निम्न छन्।

| क्र. सं | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | पचरतिटोलको अधुरो पिच सडक उ. स. | सडक पिच | ८३४२७६ |
| २ | सिम्रेनी बिच टोलमा अधुरो नाला निर्माण उ.स. | नाला निर्माण | ८८७३४६ |
| ३ | छलवाको घरदेखि यशोधाको घर सम्म बाटो ढलान उ. स. | बाटो ढलान | १३९८८५५ |
| ४ | करैया चौतारामा कर्भर्ट सहितको बाटो ढलान उ. स. | वाटो ढलान | १६९५७६९ |
| ५ | अमरज्योती क्लब उत्तर दक्षीण नाला तथाढलान उ.स. | वाटो ढलान | १५००००० |
| ६ | शान्ति मार्ग टोल ढलान उ. स. | वाटो ढलान | ८०००००० |
| ७ | दिनेश कार्को घरदेखि रणे गुरुङ्गको घरसम्म बाटो ढलान उ.स. | वाटो ढलान | १४९७८५१ |
| ८ | गैडा खोल्सा स्ल्याव निर्माण उ. स. | कल्भर्ट निर्माण | ७०००००० |
| ९ | जनकपुर कुलो जल उपभोक्ता समिति | सिचाई कुलो निर्माण | ४१९६१६१ |
| १० | श्री आ वि विधालय कम्पाउण्ड वाल निर्माण उ. स. | भवन निर्माण | ८००००० |

### ४७ सार्वजनिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा सबै योजनाको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गरेको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।केही उदाहरण निम्न छन् ।

| भौचर नं र मिति | योजनाको नाम | उपभोक्ता समितिको नाम | रकम |
|---|---|---|---|
| ३४३।२०८२।२।२७ | जनकपुर कुलो जल उपभोक्ता समिति | जनकपुर कुलो जल उपभोक्ता समिति | ४१९६१६१ |
| ४२१।२०८२।३।२१ | रने मगरको घरदेखि केशवगुरुङको घर अगाडी बाटो ढलान | रने मगरको घरदेखि केशवगुरुङको घर अगाडी बाटो ढलान उ. स. | १४९९३२४ |
| ४३३।२०८२।३।२० | वडा कार्यालयको सेवाग्राही कोठा र अन्य निर्माण कार्य २ | वडा कार्यालयको सेवाग्राही कोठा र अन्य निर्माण कार्य उ. स. | १७०६९१५ |
| ४५१।२०८२।३।२१ | श्री आ वि विद्यालय कम्पाउण्ड वाल निर्माण | श्री आ वि विद्यालय कम्पाउण्ड वाल निर्माण | ८००००० |
| ४७७।२०८२।३।२३ | एकताटोल अधुरो नाला निर्माण र फेकुवा | एकताटोल अधुरो नाला निर्माण र फेकुवा उ. स. ६ | १००२५०२ |

### ४८ प्राविधिक बिल र कार्य सम्पन्न

प्राविधिक बिल र कार्य सम्पन्न - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ।लागत अनुमान बराबर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नु पर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

### ४९ अनुगमन समीक्षा नभएको

स्थानीय सरकार संचालन ऐन, २०७४, को दफा १६ (ख) ५ मा उपप्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरीवेक्षण गरी सो को प्रतिवादन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यान्वियन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समीक्षा गर्ने गराउने व्यवस्था छ।यस पालिकामा आर्थिक वर्ष २०८१।८२ मा संचालन भएका योजना तथा कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राविधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उपप्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरीवेक्षण गरेको प्रतिवेदन पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले समीक्षा गरेको प्रतिवेदन छैन । पालिकाद्वारा संचालित योजना तथा कार्यक्रम अनुगमनको समीक्षा गरी प्रतिवेदनको रूपमा अभिलेख राख्नुपर्दछ ।

### ५० बोरिङ्ग सिचाई खर्च

नगरपालिकाले बोरिङ्ग सिचाई तथा कुलो मर्मतको लागी रु. ६०,००,०००।०० बजेट अबण्डामा राखी यस वर्ष २० पटक उपभोक्ता समितिबाट बोरिङ्ग सबमर्सिबल पम्पका काम गराई रू. ५७,७०,८८९।०० खर्च गरेको देखिन्छ । लेखापरिक्षणको क्रममा यस वर्ष कति बोरिङ्ग निर्माण भए कुन कुन ठाउँमा छन् भनी अभिलेख माग गर्दा विवरण पेस भएन । उपभोक्ताले गर्न नसक्ने जटिल कार्य उपभोक्ता समितिलाई दिई उपभोक्ता समितिले निर्माण कम्पनीलाई काम गर्न लगाई निमार्ण व्यवसायीले श्रमदानसम्मको रकमको मु.अ कर बिजक जारी गरी उपभोक्ताको काम गरेको देखिन्छ । उपभोक्तालाई दिएको कार्य निर्माण व्यवसायीले गरेको नियमसंगत देखिएन ।साथै निर्माण व्यवसायीले जारी गरेका बिजकको मू अ कर बारे आन्तरिक राजस्व कार्यालयलाई जानकारी समेत दिएको देखिएन ।अतः निर्माण

व्यवसायीले उपभोक्ताका नाममा जारी गरेको बिजकको मूल्यअभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाई समायोजन गरेको भए समायोजन प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने देखिएको रू.

| गो.भौ.न. र मिति | योजनाको नाम | निर्माण व्यवसायी नाम | बिजक पेश रकम | मु.अ. कर रकम |
|---|---|---|---|---|
| २८९।२०८२।१।२१ | झल्केश्वरी जल उपभोक्तासमिति | जय बुद्ध कन्स्ट्रक्शन एण्ड प्रा लि विजक २६ | ५१४८४९ | ५९२३० |
| ३७७।२०८२।३।८ | चैनपुर कृषि जल उपभोक्ता समिति | एक्ट्रा कन्स्ट्रक्शन प्रा लि ८० | ५०७९५१ | ५८४३६ |
| ३७६।२०८२।३।८ | मिलिजुली कृषक सिचाईउ स | एक्ट्रा कन्स्ट्रक्शन प्रा लि ७९ | ५०७९५१ | ५८४६३ |
| ४०१।२०८२।३।१६ | गोदावरी कृषक समुह सिचाइ वोरिङग | जय बुद्ध कन्स्ट्रक्शन एण्ड प्रा लि विजक २६ | ५२७३६९ | ६०६७० |
| ४०८।२०८२।३।१८ | कंकाली सिचाइ उस | जय बुद्ध कन्स्ट्रक्शन एण्ड प्रा लि विजक ३८ | ५१३४०८ | ५९०६४ |
| ४५२।२०८२।३।२१ | प्रगतिउपभोक्ता समिति | जय बुद्ध कन्स्ट्रक्शन एण्ड प्रा लि विजक ३७ | ५१३४०८ | ५९०६४ |
| ४६१।२०८२।३।२१ | क्षरपालि सिचाई उ स | जय बुद्ध कन्स्ट्रक्शन एण्ड प्रा लि विजक ३४ | १८९५२९ | २१८०४ |
| जम्मा | | | | ३७६७३१ |

| प्रमाण पेश नगरेको | ३,७६,७३१ |
|---|---|

## ५१ सामुदायिक भवन निर्माण

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ भने दफा ९७ मा गाँउपालिका तथा नगरपालिका आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहको रहने व्यवस्था छ। पालिकाले उक्त उल्लिखित व्यवस्था विपरित सार्वजनिक जग्गाको संरक्षण नगरी सार्वजनिक जग्गामा नक्शा पास नगरी निम्न सामुदायिक भवन निर्माण गरी भुक्तानी दिएको नियमसम्मत देखिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गरी स्थानीय सरकार संचालनको भावना र मर्म अनुसार भवन निर्माण गर्नुपर्दछ। केहि उदाहरण निम्नानुसार रहेका छन् ।

| भौचर न र मिति | सामुदायिक भवनको नाम | रकम |
|---|---|---|
| २५९।२०८२।१।२ | नेपाल दरै उत्थान समाज भवन निर्माण | २०००००० |
| २६५।२०८२।१।७ | कठार रेडक्रस भवन मर्मत | १०००००० |
| ३४७।२०८२।२।२७ | मगर सामुदायिक भवन निर्माण | २९२९६४ |
| ३८८।२०८२।३।१४ | रेडक्रस सोसाइटी अधुरो भवन निर्माण | ४९९७४६ |
| ४७२।२०८२।३।२२ | अन्नपुर्ण समाज भवन निर्माण ४ | ५१९८२२ |
| ४८०।२०८२।३।२३ | ओम शान्ति भवन निर्माण | २००००० |
| ४७३।२०८२।३।२२ | पटिहानी सामुदायिक भवन | २८८३३५ |

## ५२ उपभोक्ता समितिबाट सरकारी संरचना निर्माण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने, लाभग्राही वा उपभोक्ता समितिबाट गर्दा मितव्यीता गुणस्तरीयता र दिगोपना वृद्धि हुने, स्थानीय स्रोत साधन र सीपको उपयोग गरी स्थानीय स्तरमा कार्य सम्पादन हुने, स्थानीय तहमा रोजगारी सृजना हुने, निर्माण कार्यबाट लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने, निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने निर्माण कार्यहरु उपभोक्ता समूहबाट गराउन सकिने उल्लेख छ। पालिकाले निम्न सरकारी कार्यालयको निर्माणको काम उपभोक्ता समितिबाट गराई खर्च गरेको देखिन्छ। उपभोक्ता समिति मार्फत कार्य गराउँदा सम्बन्धित उपभोक्ताहरुले लाभ प्राप्त गर्ने, निर्माण पश्चात मर्मत संभार तथा सञ्चालन तिनीहरुबाटै हुने हस्तान्तरण योग्य र दिगोपना आउने

योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी लाभग्राही समुदाय मार्फत सरकारी भवनका काम तथा घेरावार कार्य गराएको अनियमित देखिएको रु.

| भौचर नं र मिति | कार्यालयको नाम | उपभोक्ता समिति | रकम |
|---|---|---|---|
| १५१।२०८१।१०।६ | वडा. नं. ११ कार्यालय भवन निर्माण | वडा न ११ कार्यालय भवन निर्माण उ स | ९३८१३६ |
| ४३३।२०८२।३।२० | वडा कार्यालयको सेवा ग्राही कोठा र अन्य निर्माण कार्य २ | वडा कार्यालयको सेवा ग्राही कोठा र अन्य निर्माण कार्य उ स २ | १७०६९१५ |
| ५२५।२०८२।३।२५ | आधारभुत स्वास्थ्य चौकी १ | आधारभुत स्वास्थ्य चौकी १ | ४५५५०७ |
| **जम्मा** | | | ३१००५५८ |

| अनियमित भएको | ३१,००,५५८ |
|---|---|

५३ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएका निर्माण कार्य आपूर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको व्यहोरा राखी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। पालिकाले खरिद सम्झौता संख्या, सम्पन्न भएको निर्माण कार्य,प्राप्त भएको माल सामान वा सेवाको विवरण, निर्माण कार्य सम्पन्न भएको वा मालसमान वा सेवा प्राप्त भएको मिति र सम्पन्न निर्माण कार्य,प्राप्त मालसमान,वा सेवा स्वीकृत भएको मिति लगाएतको व्यहोरा सहितको प्रतिवेदन तयार भएपछि सार्वजनिक निकायले आवश्यक प्रक्रिया पुरा गरि भुक्तानीको लागि आर्थिक प्रशासनमा लेखी पठाउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष संचालित र गत वर्षका योजना यस वर्ष सम्पन्न भएका आधारमा कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । कार्यालयले आर्थिक वर्ष २०८०।८१ मा कार्य स्वीकार गरी भुक्तानी दिएका योजनाको निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भए पछी सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँच बुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्नेमा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको विवरण लेखापरीक्षणको समयमा आंशिक माब भएको देखिन्छ।कार्य सम्पन्न प्रतिवेदन बेगर कार्यालयले स्वीकार गरेका योजनाहरूको कार्य, स्वीकृत ड्रइङ्ग डिजाइन गुणस्तर र स्पेसिफिकेशन अनुसार भएको छ भन्न सकिने आधार देखिएन। अतः कार्यालयले सार्वजनिक खरिद नियमावलीमा भएको व्यवस्था बमोजिम सम्पन्न योजनाको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

५४ **पोलबत्ति जडान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) मा निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समितिबाट गराउन गर्न सकिने उल्लेख छ । नगरपालिकाले उपभोक्ता समितिमार्फत विभिन्न स्थानमा पोलबत्ती जडान कार्य गराइ खर्च लेखेको देखिन्छ । ती कार्यमा उपभोक्ता समितिको योगदान स्पष्ट नखुलेको, जडान भएका पोलबत्तीको वारेन्टी पेश नभएको तथा मर्मतको विषयमा नगरपालिकाले ध्यान दिएको पाइएन । केही उदाहरण देहायबमोजिम रहेका छन् ।

| भौ नं | मिति | भुक्तानी पाउनेको नाम | काम | रकम |
|---|---|---|---|---|
| ५५३ | २०८१।११।२७ | पोल वत्ती मर्मत संभार उस - ७ | पोलवत्ति मर्मत | १००००० |
| २७३ | २०८१।०८।११ | वडाभरी पोलबत्ती राख्ने उपभोक्ता समिति - ५ | पोलबत्ति जडान | ४००००० |
| १६९ | २०८१।०७।०२ | पाखीन लाईट हाउस | सेन्सरसहितको लाईट जडान | ९९९०० |
| २९९ | २०८१।०८।११ | वडानं २ भरी पोलबत्ति जडान | उपभोक्ता समिति | २००००० |
| ३९७ | २०८१।१०।०२ | १ नं वडा उज्यालो अभियान उपभोक्ता समिति | पोलबत्ती जडान | ३५०००० |

५५ **निर्माण व्यवसायीको बिल**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को १३ (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने व्यावसायीलाई कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ। यस कार्यालयमा उपभोक्ताबाट संचालित निमार्ण कार्यमा निर्माण व्यावसायीले पेश गरेका निर्माण कार्य र समान विक्री गरेका कर विजकका आधारमा कार्य स्विकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था पालना नगरी गरेको कार्य नियमसंगत हो भन्न सकिने आधार देखिएन ।साथै कार्यालयले निर्माण कार्यको रकम भुक्तानी गर्दा निर्माण व्यावसायीले पेश गरेका ढुगा, गिट्टी, वालुवा, जेसिवि, डोजर, लोडर ,डण्डी , सिमेन्ट, काठ, प्लाई, मिक्चरका विलको आधारमा मु. अ. कर एकिन गरी भुक्तानी गरेको देखिन्छ भने निर्माण व्यावसायीको नामबाट १.५ प्रतिशत अग्रिम कर कट्टी गरेको नदेखिनुको साथै मूल्य अभिवृद्धि कर भुक्तानी गरेको जनाकारी आन्तरिक कार्यालयलाई दिएको देखिएन। यसरी पार्टीको नामबाट अग्रिम कर कट्टी नगरेको र आन्तरिक राजश्व कार्यालयलाई समेत जानकारी नदिएको नियमसंगत देखिएन। अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| गो. भौ.न. र मिति | योजनाको नाम | निर्माण ब्यावसायी नाम | बिजक पेश रकम | म.अ. कररकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| ३८। २०८१। ५।३१ | गोपाल घिमिरेको घरदेखि ढापकुलो सम्मसडक ढलान उ. स. | महाकाली देवि कन्स्ट्रक्शन | ७९१०३७ | ९१०११ | ७९७०१५ |
| ४४। २०८१। ६।८ | जियनाको घरपछाडी हुदै वडा कार्यालय सडक निर्माण उ. स. | वाइ एण्ड एस कन्स्ट्रक्शन विजक ००५ | ३२९४३१ | ३७८९९ | २३२६८९ |
| ५१। २०८१। ६।१४ | यामाहा स्वरूपपश्चिम टायल उ. स. | महाकाली देवि कन्स्ट्रक्शन विजक न १३, | ४४३४८५ | ५१०२० | ४४३२१६ |
| ५९। २०८१। ६।२० | वडगाउ पिपल टोल भित्र विभिन्न टाउमा सडक टायल उ. स. | महाकाली देवि कन्स्ट्रक्शन विजक न १४, | ५५५००५ | ६३८५० | ५९७६८८ |
| ७६। २०८१। ७।२६ | त्रिलोक जङ्कको घरदेखि पश्चिम वाटो ढलान उ. स. | महाकाली देवि ककन्स्ट्रक्शन विजक न ५,७,६ | ६०२५४१७ | ८१०११ | ७४४३६४ |
| ७७। २०८१। ७।२७ | सुमित्रा चदधरीको घरदेखि पश्चिम बाटो ढलान उ. स. | सम्रान कन्स्टक्शन प्रा लि विजक ३, | ८०९६४५ | ९३१४५ | ७९७१४५ |
| ७८। २०८१। ७।२७ | बधुवाको घरदेखि वालहरीको घरहुदै बाटो ढलानउ. स. | सम्रान कन्स्टक्शन प्रा लि विजक २, | ५३७८८० | ६१८८० | ४८९७०४ |
| ७९। २०८१। ७।२७ | राममायाको घरदेखि पुर्वबाटो ढलान उ. स. | सम्रान कन्स्टक्शन प्रा लि विजक | ९९५५३० | ११४५३० | ९९६३५० |
| १०९। २०८१। ८।२१ | भण्डारीको घरदेखि कामधुने जाने सडक नि. उ. स. | महाकाली देवि कन्स्टक्शन विजक न २०, | ४०१०७० | ४६१४० | ३८७९०२ |
| १२०। २०८१। ८।२८ | छलवाको घरदेखि यशोधाको घर सम्म बाटो ढलान उ. स. | वनदेवि निर्माण सेवा | २४६५१५ | २८३६० | |
| १४७। २०८१। ९।१४ | वडा भरीका बाटो ग्रावेल उ. स. | वाइ एण्ड एस कन्स्टक्शन विजक ००५, | ५३९६४० | ६२०८२ | |
| १३७। २०८१। ९।२५ | शम्शेरको घरदेखि उत्तर नाला निर्माण उ. स. | ललित निर्माण सेवा | ३३२७०७ | ३७१२५ | |
| १३५। २०८१। ९।२५ | कदम कुलो छेउ बाटो मर्मत उ. स. | वाइ एण्ड एस कन्स्टक्शन विजक ३५, | ३८८४९४ | ४४६९४ | ३९८६९१ |
| १४६। | लामिछाने भाडापलबाट | महाकाली देवि कन्स्टक्शन | ४३३४१६ | ४९८६२ | ४३३४१६ |

| | | | | | |
|---|---|---|---|---|---|
| २०८१। ९।२९ | मगनीटोलसम्म बाटो नाला निर्माण उ. स. | कम्पनी विजक न २५र १२ प्रकारका समान | | | |
| १४०। २०८१। ९।२६ | करैया चौतारामा कर्भर्ट सहितको बाटो ढलान उ. स. | महाकाली देवि कन्स्टक्शन कम्पनी प्रा ली विजक २२ र २३ र १६,प्रकारका समान | १५४०१९५ | १७७७६५ | १६९५७६९ |
| १७०। २०८१। १०।२३ | पूर्ण पाण्डेको घरबाट कुलोतर्फ नाला निर्माण उ. स. | जि आर एम कन्स्टक्शन एण्ड सप्लार्स प्रा. ली. | ६७९००० | ७८११५ | |
| १९८। २०८१। ११।१२ | काशीगाउटोल अन्तरगत मुनाभट्टदेवकोटो घरअगाडी उतर मोजाइक टाईलउ. स. | महाकाली देवि कन्स्टक्शन कम्पनी प्रा ली विजक ३१, | ३७८०१३ | ४३४८८ | |

५६ **मूल्यअभिवृद्धि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जाँच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न उपभोक्ता समितिलाई समाग्री खरिदमा मूल्यअभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा बिल पेश नभएको समाग्रीको मु.अ. कर भुक्तानी भएको देखिन्छ । पालिकाले भुक्तानी दिएको मूल्यअभिवृद्धि करको समायोजन सहितको प्रमाण पेश नभएकोले उक्त रकम नियमसम्मत नदेखिएको रु.

| भौचर नं. र मिति | उपभोक्ता समितीको नाम ना | कामको विवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम |
|---|---|---|---|---|---|
| ७।२०८१।४।३२ | पचरति टोलको अधुरो पिच उ स | विटविनको परिमाण२०५७ लि. | २५६७१ | २१५२१ | ४१४९ |
| ७५।२०८१।७।२५ | बैरहनी युवाक्लबबाट उत्तरबाटो ढलान उ स | सिमेन्ट ५७२ बोरा एम २०को ८२।५१ घ. मी. | ४८३३४ | ३३०१५ | १५३१५ |
| | | डण्डी ३३३२ | ४०२४९ | ३४२०९ | ६०२९ |
| ८३।२०८१।७।२७ | भोला दराईको घरदेखि धन बहादुरको घर जाने बाटो ढलान उ स | सिमेन्ट ६५ ।४घ मी १२४को बोरा २८७ | २४३१९ | १७१६८ | ७१५० |
| | | डण्डी २६६९ के जि | ३१९२१ | २७०६३ | ४८५७ |
| ९४।२०८१।८।६ | प्रगति चोकबाट उत्तरबाटो ढलान उ स | सिमेन्ट५०।९७ घ मी ३५३ बोरा | २९८९० | २१८८९ | ८००० |
| १२०।२०८१।८।२८ | छलवाको घरदेखि यशोधाको घर सम्म बाटो ढलान उ स | सिमेन्ट ५८५ बोरा | ४९४३२ | ३५६६८ | १३७६३ |
| | | डण्डी ३४७१ के जि | ४१५१३ | ३४८५७ | ६६५५ |
| १३०।२०८१।९।१४ | बैरहनी क्लव घर छेउको कुलो निर्माण | सिमेन्ट २८७ बोरा | २४२५४ | १८५०५ | ५७४८ |
| | बैरहनी क्लव घर छेउको कुलो निर्माण | डण्डि २०५० के जी | २४५१८ | २१०५३ | ३४६४ |
| १५१।२०८११०।६ | वडा न ११ कार्यालय भवन निर्माण उ स | ईटा ४६०० | ८७४० | ५३८२ | ३३५८ |
| १६२।२०८१।१०।१४ | अमरज्योती क्लब उत्तर दक्षीण नाला तथाढलान उस | सिमेन्ट ६२० बोरा | ५२३९० | ४१३७० | ११०१९ |
| ३१३।२०८२।१।२९ | सिद्रिपुर सिदार्थ गुम्वा निर्माण उ स | ईटा ९०१० | १८७४० | ८१९९ | १०५४० |
| ४५१।२०८२।३।२१ | श्री आ वि विधालय कम्पाउण्ड वाल निर्माण | इटा १६४३० | ३०२४२ | २४५१२ | ५६७९ |
| **जम्मा** | | | **४५०२१३** | **३४४४११** | **१०५७२६** |

| | |
|---|---|
| अनियमित भएको | १,०५,७२६ |

५७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले जम्मा गर्नुपर्ने कार्य, हालसम्म भएको कामको परिमाण, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका निर्माणका योजना कार्यान्वियन गरेको छ । योजनाको लागत अनुमान भन्दा १७ देखि ३८.७२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजना निम्न अनुसार छन्।

| क्र.सं. | योजनाको विवरण | ठेक्का नं. | लागत अनुमान रू | सम्झौता रकम रू | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | वडा ५ र ७ सडक कालोपत्रे | ११।२०८१।८२ | १६९४१९९७ | १२००२०३८ | २९.१५ |
| २ | वडान १० र ११ फुटपथ ड्रन निर्माण | १४।२०८१।८२ | १७८६१४७२ | १२७५०५०७ | २८.६४ |
| ३ | Asphalt overlay विभिन्न सडक | ४।२०८१।८२ | १११५३५९३ | ८७२३१४३ | २१.७९ |
| ४ | वडा न ३र ९ सडक कालोपत्रे | १२।२०८१।८२ | ८०६५१३३ | ५६९९७८६ | २९.३२ |
| ५ | Road and Rigid Pavement Khairani11 | ३।२०८१।८२ | १२६६५४०० | ८६७५८३३ | ३१.४९ |
| ६ | सडक कालोपत्रे वडा न १०र६ | ०७।२०८१।८२ | ७६८७०७९ | ५२२५८९५ | ३२.०१ |
| ७ | सडक कालोपत्रे र ड्रेन निर्माण | २१।२०८१।८२ | ९५४६७३३ | ६४५३६४२ | ३२.३९ |

५९ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम सम्झौताको अवधि भित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ। म्याद थप गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरे पछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले सम्झौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छन् ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौता रकम रू. | सम्पन्न गर्नु पर्ने मिति | हाल सम्मको भुक्तानी | प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १२।२०८०।८१ | सडक कालोपत्रे वडन न ३ र ९ | २०८१।८।१७ | ५६९९७८६ | २०८२।३।१५ | ५०१५२४१ | ८७.९९ |
| १०।२०८१।८२ | पुरानो पर्सा सिसानी चोक कपिया सडक | २०८१।७।९ | ७७१६८७६८ | २०८२।३।१५ | ६१८०४४६६ | ८०.०९ |
| ११।२०८१।८२ | सडक कालोपत्रःवडा न ५र ७ | २०८१।६।१४ | १२००२०३८ | २०८२।३।१५ | ६५६३९१४ | ५४.६९ |
| १४।२०८१।८२ | सडक कालोपत्रसंगै ड्रेन तथा फुटपथ निर्माण १०र११ | २०८१।६।१४ | १२७५०५०७ | २०८२।३।१५ | ११०१८९८८ | ८६.४२ |
| ५।२०८१।८२ | सडक कालोपत्रे वडा न १२ | २०८२।६।२० | ६९७९५३८ | २०८२।३।१५ | ५६६७८० | ८१.२२ |
| १७।२०८१।८२ | कुम्रोज गवै कल्भर्ट निर्माण १३ | २०८१।७।८ | २३३८७५३ | २०८२।३।१५ | १२०७७३२ | ५१.६४ |
| १८।२०१।८२ | विश्वनताथ टोलमा अधुरो बक्स कल्भर्ट निर्माण र २ ३र ५को मर्मत | २०८१।१०।१४ | २३४०६१७२ | २०८२।३।१५ | १८३३६३९५ | ७८.३४ |
| २५।२०८१।८२ | पाइप लाइन विस्तार | २०८१।१२।२२ | ३४५७६३२ | २०८२।३।१५ | २८७७०९५ | ८३.२१ |

कार्यालयले उपलव्ध गराएको विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ मा २८ वटा ठेक्का तथा सिलवन्दी भएकोमा १७ वटा सम्पन्न भएको, ३ वटा कार्य शुरूवात नभएको र ८ वटाको कार्य सम्पन्न बाकी देखिनुको साथै म्याद समेत थप गरेको देखिएन । अतः कार्यालयले खरिद नियमावली, २०६४ को नियम १२१ को प्रक्रिया पुरा गरी सम्झौतामा भएको व्यवस्था अनुसार कार्य सम्पन्न गराउनु पर्दछ।

## ६० धरौटी फिर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ (२क) मा संयुक्त उपक्रमको हकमा रिटेन्सन मनी भुक्तानी गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको कागजात पेश भएपछि भुक्तानी दिइने उल्लेख छ । पालिकाले निम्न फर्मको धरौटी फिर्ता गर्दा मूल्य अभिवृद्धि कर विवरण पेश गरेको प्रमाण संलग्न गरेको पाइएन । केही धरौटी फिर्ता गर्दा प्राविधिकबाट कार्य सम्पन्नको सिफारिस पेश नभएको कर विवरण पेश गरेको प्रमाण बिना धरौटी फिर्ता गरेकोले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं.र मिति | फर्मको नाम | धरौटी फिर्ता रकम | कैफियत |
|---|---|---|---|
| ३०।२०८१।०७।०८ | डि.एन.वि. कन्स्ट्रक्सन | ७०८७२८ | पुरै बिलको समायोजन नगरेको |
| ६३।२०८२।०१।१४ | न्यू भूटनदेवी / ममता जे.भी. | ९५८५३६ | जे.भि. बैंक ग्यारेन्टी |
| २६।२०८१।०७।०६ | सन साइन-रक्तकाली जे.भी. | ६०२००० | जे.भि. बैंक ग्यारेन्टी |
| १२।२०८१।०६।०९ | मनकामना कन्ट्याक्टर्स एण्ड बिल्डर्स प्रा.लि | २८७८१० | बैंक ग्यारेन्टी अवधि समाप्त |
| **जम्मा** | | **२५५७०७४** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २५,५७,०७४ |

## ६१ प्रधानमन्त्री रोजगार

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क सूचीकृत गरी प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको । यस कार्यक्रमअन्तर्गत सूचीकृत ४३६ बेरोजगारमध्ये पालिकाभित्रका १२ विभिन्न योजना सञ्चालन गरी ६६ जनालाई रोजगारी दिएर ज्यालास्वरूप रु. ३९,२४,१६६/- खर्च भएको विवरण पेश भएको छ ।

(क) कामको दीगोपना - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोमा सञ्चालित योजनाहरूले लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिँदैन ।

(ग) श्रमिक समूह - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २५ मा कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जनासम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूह गठन गरेर जिम्मा दिनुपर्ने उल्लेख छ । पालिकाले रोजगारका धेरै योजनाहरूमा तोकिएकोभन्दा सानो समूह बनाई काममा खटाएको छ । निर्देशिकाबमोजिमको योजना छनौट गरी श्रमिकलाई काममा लगाउनुपर्दछ ।

(ख) आयोजनाको छनोट - प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ७० मा कृषि, सहकारी तथा पशु विकास, उर्जा, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाइ आदि विभिन्न रोजगार आयोजनाका सम्भावित क्षेत्रहरु तोकिएका छन् । पालिकाले आ. व. २०८१।८२ मा १२ वटा रोजगारका आयोजना सञ्चालन गरी रु. ३९,२४,१६६/- खर्च गरेकोमा सबै योजना सडक, सडक पेटी तथा नाला सरसफाइ सम्बन्धित रहेको पाइयो । प्रति वर्ग मिटर सरसफाइ रु. ६.६८ कायम गरी सो अनुसारको गणना गरेर श्रमिकलाई भुक्तानी दिएको देखिन्छ । पालिकाले सार्वजनिक पूर्वाधारको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान हुने योजना छनोट गरी रोजगारीका आयोजना सञ्चालन गर्नुपर्दछ ।

## ६२ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने व्यवस्था छ । आ. व. २०८१। ८२ मा पालिकाले सामाजिक सुरक्षा भत्ता स्वरूप ६७१८ जनालाई कुल रु. २६,५४,८०,४२८/- वितरण गरेको छ । यस सम्बन्धमा देखिएका थप बेहोराहरू निम्न रहेका छन् ।

क) भत्ता वितरणको अनुगमन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ नगर प्रमुख वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता विवरणसम्बन्धमा अनुगमन गरी अभिलेख राखेको पाइएन । भत्ता वितरण प्रक्रिया तथा लाभग्राहीको नियमित निरीक्षण तथा अनुगमन गरी कार्यविधिको पालना हुनुपर्दछ ।

ख) पारदर्शिता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ अनुसार लाभग्राहीको नाम, दर्ता/नवीकरण प्रक्रिया, भत्ताको दर, बैंक विवरण तथा लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया लगायतका जानकारी स्थानीय सामाजिक सङ्घ संस्था, गैरसरकारी संस्था तथा सामाजिक परिचालनमा संलग्न संस्थाहरूको सहयोगमा प्रचार-प्रसार गर्नुपर्नेछ साथै भुक्तानी गरिएको रकम र बुझिलिने व्यक्तिको नामावली सम्बन्धित वडा कार्यालय र स्थानीय तहको वेब साइटमा राख्नुपर्नेछ । तर पालिकाको निर्णय पुस्तिका तथा वेब साइट अवलोकन गर्दा यस्ता सूचना सार्वजनिक गरेको देखिएन । सामाजिक सुरक्षा भत्ता विवरणमा पारदर्शिता कायम गर्न कार्यविधिले तोकेअनुसारको सूचना सार्वजनिक गर्नुपर्दछ ।

ग) प्रतिवेदन - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २९ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची - ६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानीय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन

प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ । पालिकाले कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन । प्रणालीमा प्रतिवेदन अद्यावधिक गरी कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

६३ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ ।पालिकाको निम्नानुसार मोविलाईजेसन पेश्की, व्यक्तिगत पेश्की र संस्थागत पेश्की बाँकी रहेको देखिएको फस्यौंट गर्नुपर्ने देखिएको रु.

| **क्र.सं.** | **पेश्की लिएको मिति** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **चालु आ. व.** | |
|---|---|---|---|---|---|
| | | | | **म्याद ननाघेको रकम** | **म्याद नाघेको** |
| | **ठेकेदार** | | | | |
| १ | २०८२/०१/२१ | पर्यटन प्रबर्द्धन तथा पर्यटन पूर्वाधार निर्माण | पन्त कुमार दिब्य जे.भी. | ३०,००,००० | - |
| २ | २०८२/०१/२१ | चालु आ.व.मा ठेक्का मार्फत सञ्चालित योजनाहरुमा संशोधित बजेट मार्फत नपुग थप रकम | पन्त कुमार दिब्य जे.भी. | ६,५०,००० | - |
| ३ | २०८२/०१/२१ | चालु आ.व.मा ठेक्का मार्फत सञ्चालित योजनाहरुमा संशोधित बजेट मार्फत नपुग थप रकम | पन्त कुमार दिब्य जे.भी. | २५,००,००० | - |
| | | | | **६१,५०,०००** | - |
| | **संस्थागत** | | | | |
| १ | २०८१/०९/२१ | विद्युत पोल राख्ने तथा सार्ने (विभिन्न ठाउँमा) | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | २,९९,१९७ |
| २ | २०८१/०९/२६ | वडा भित्रमा बिधुतिय पोल व्यवस्थापन कार्य | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | १,९९,२२८.७६ |
| ३ | २०८१/०५/०७ | वडा नं. ३ वातावरण तथा विपद् व्यवस्थापन कोष | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | ९९,१७३.१६ |
| ४ | २०८१/१२/१४ | वडा नं. ३ स्थानीय विकास कोष | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | ९७,५७०.०० |
| ५ | २०८२/०१/१० | वडा नं. १० स्थानीय विकास कोष | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | ७०,३७०.६१ |
| ६ | २०८२/०१/१४ | वडा नं. ८ स्थानीय विकास कोष | नेपाल विद्युत प्राधिकरण रत्ननगर टाँडी वितरण केन्द्र | ० | १,४९,५७४.३७ |
| **जम्मा** | | | | ० | **९,१५,११३.९०** |

| | |
|---|---|
| पेश्की | ९,१५,११३.९ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : खैरहनी नगरपालिका, चितवन , खैरहनी नगरपालिका , चितवन

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | विष्णु प्र. सापकोटा | २०८०-५-१२ | २०८२-०५-१५ |
| कार्यालय प्रमुख | नेत्र प्रसाद पौडेल | २०८२-०५-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल तिवारी | २०७९-९-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ११०,०५५ | १०,०१५,३४३ | २,९३३,८०५ | ० | ० | ९१५,११३.९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १३,९७४,३१६.९ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १०,१७० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १३,९६४,१४६.९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १७०३७२७९८.६७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६६८९५५६७.७ | चालु खर्च | ४३७३४६२५३.२९ |
| प्रदेश सरकारबाट अनुदान | १०८४९५००० | पूँजीगत खर्च | ५२९५९६३४९.९३ |
| राजश्व बाँडफाँट | १७५९९३७१५.२९ | वित्तीय/अन्य व्यवस्था | ३८३३५८१८७.७१ |
| आन्तरिक आय | १८३६०७१०३.५ | | |
| अन्य आय | ३६०९५०११५.२५ | | |
| कुल आय | १२९५९४१५०१.७४ | कुल खर्च | १३५०३००७९०.९३ |
| बाँकी मौज्दात | | ११६०१३५०९.४८ | |

## अनुसूची - २

## बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : बागमती प्रदेश जिल्ला : चितवन स्थानीय तह : खैरहनी नगरपालिका, चितवन | | | |
|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | |
| क्र.स./आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | गत आ.ब. को कारोबार |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | |
| ११००० | कर | ३०,२८,६९,७३३.३८ | ३०,७८,८३,२१६.६९ |
| १३००० | अनुदान | ५३,६३,५९,७३०.०९ | ४८,६४,८६,७६१.०३ |
| १४००० | अन्य राजस्व | ७,६१,४५,८८५.७९ | ४,२२,३०,०६९.७३ |
| १५००० | विविध प्राप्ति | २०,७८,१७७.३० | ९,२७,२४१.१० |
| क | कुल जम्मा प्राप्ति | ९१,७४,५३,५२६.५६ | ८३,७५,२७,२८८.५५ |
| ३ | चालु | ४३,७३,४६,२५३.२९ | ३९,५१,७४,०४२.८५ |
| २१००० | पारिश्रमिक / सुविधा | २७,३१,००,१२४.६३ | २५,१३,९३,९१४.८६ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | १४,५६,७४,६८८.६६ | १३,६१,९८,८६६.६६ |
| २५००० | सहायता (Subsidy) | ११,१०,३८५.०० | ३५,८८,४८६.५० |
| २७००० | सामाजिक सुरक्षा | १,६९,५३,००५.०० | ३०,६८,३८१.८३ |
| २८००० | अन्य खर्च | ५,०८,०५०.०० | ९,२४,३९३.०० |
| ४ | पूंजीगत | ५२,९५,९६,३४९.९३ | ५७,७७,२३,३९८.६३ |
| ३१११० | भवन तथा संरचना | ४,९८,६९६.०० | ४०,११,११३.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | १,१९,६४,०३०.०० | ८६,८६,२९७.५० |
| ३११३० | अन्य पूँजीगत खर्च | ३१,४३,७५६.०० | २७,३४,९०३.०० |
| ३११५० | सार्वजनिक निर्माण | ५१,३०,१३,२४०.९३ | ५६,१६,४१,०८५.१३ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ९,७६,६२७.०० | ६,५०,०००.०० |
| ख) | कुल जम्मा भुक्तानी | ९६,६९,४२,६०३.२२ | ९७,२८,९७,४४१.४८ |
| ग) | बचत /कमी (ग = क-ख ) | -४,९४,८९,०७६.६६ | -१३,५३,७०,१५२.९३ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ९०,८८,९८५.४७ | ३,७९,५०,२३२.५९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१,३९,५९,१९८.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = | -४,०४,००,०९१.१९ | -९,७४,१९,९२०.३४ |

| | | | |
|---|---|---|---|
| | ग+घ) | | |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १५,६४,१३,६००.६७ | २५,३८,३३,५२१.०१ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ११,६०,१३,५०९.४८ | १५,६४,१३,६००.६७ |

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -४

| जलेर नष्ट भएको लेखा परिक्षण हुन नसकेको निकासा र खर्चका भौचरहरुको विवरण | | | |
|---|---|---|---|
| **क्र.स.** | **वजेट उप शिर्षक नं.** | **गो भौ नं. र मिति** | **भुक्तानी रकम रु** |
| १ | खैरहनी नगरपालिका चालु | ३१५/ २०८१-०८-२८ | ५५५००० |
| २ | | ४८३/ २०८१-१०-३० | १८३६४० |
| ३ | | ७९६/ २०८२-०२-२६ | ५००० |
| ४ | | ८०३/ २०८२-०२-२७ | २१३८५ |
| ५ | | ९०५/ २०८२-०३-१७ | ८७१७० |
| ६ | | १०२३/ २०८२-०३-२४ | ५६००० |
| ७ | | १०६५/ २०८२-०३-३१ | ५०६२२ |
| ८ | खैरहनी नगरपालिका पुँजीगत | ३०७/ २०८२-०१-२६ | ३३९००० |
| ९ | | ५१४/ २०८२-०३-२४ | ३३३२०० |
| १० | | ४९१/ २०८२-०३-२३ | ६७९४२ |
| ११ | | ५५३/ २०८२-०३-२५ | ३६२१३ |
| १२ | | ५५४/ २०८२-०३-२५ | ३६२१३ |
| १५ | वडास्तरीय कोषहरु | १२३/ २०८२-०३-१८ | १९८००० |
| १६ | विविध खर्च खाता | २२/ २०८२-०३-१२ | १५६४०६ |
| १७ | | २३/ २०८२-०३-१७ | १५९७११ |
| १८ | | २६/ २०८२-०३-२२ | ३०५१२० |
| १९ | | २७/ २०८२-०३-२२ | १६१४६५ |
| २० | | ३०/ २०८२-०३-२३ | ४०२६५१ |
| २१ | | ३६/ २०८२-०३-३२ | ११०० |
| २४ | संघीय हस्तान्तरण चालु | ३७/ २०८१-०८-१६ | १३०००० |
| २५ | | १०१/ २०८१-१२-०३ | २३३८३४९ |
| २६ | | १०६/ २०८१-१२-०८ | १०९७१८५१ |
| २७ | | १९२/ २०८२-०३-२२ | २०५७५ |
| ३१ | | १८४/ २०८२-०३-२० | ११७०९० |
| ३४ | प्रदेश हस्तान्तरण चालु | ६३/ २०८२-०३-३० | १०९१३ |
| ३६ | रोजगार प्रवर्द्धन कार्यक्रम | ३/ २०८२-०२-२२ | २०००० |

| | | | |
|---|---|---|---|
| ३९ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३/ २०८१-१०-२४ | ४६०३० |
| ४० | | ५/ २०८१-१०-२९ | ४०००० |
| ४१ | | ८/ २०८१-११-११ | ४३६८९ |
| ४२ | | १२/ २०८२-०१-११ | ५३६८९ |
| ४३ | | १३/ २०८२-०१-११ | ५३७ |
| ४४ | | १५/ २०८२-०१-२२ | ४०००० |
| ४५ | | १६/ २०८२-०१-२२ | १२८२८० |
| ४६ | | १९/ २०८२-०१-३१ | ४३६८९ |
| ४७ | | २४/ २०८२-०३-०१ | ४३६८९ |
| ४८ | | २६/ २०८२-०३-१६ | ४३७ |
| ४९ | | २७/ २०८२-०३-१६ | ४३६८९ |
| ५० | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | १/ २०८१-११-११ | ६५७०७०२ |
| ५१ | | ४/ २०८२-०२-२७ | ६२१५९२९ |
| **कुल जम्मा** | | | ३०७५४९७६ |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।